❑ देवराज हुमागाईं

# 'खोज खबर'को खोजी

## भूमिका

"नमस्कार ! रेडियो पत्रिका खोज खबरमा तपाइँलाई स्वागत छ । यस पत्रिकामा तपाइँका गाउँबस्तीका कुरा हुन्छन् । तपाइँका अनुभव र अनुभूति हुन्छन् । तपाइँ हाम्रै दुःख, सुख, हाँसो, पीडा र अनुभव, अनुभूतिमा आधारित खोज खबर रेडियो पत्रिकामा मेचीदेखि महाकालीसम्म र हिमालदेखि तराईसम्मका कुराहरू हुन्छन् । ...प्रजातन्त्रलाई बलियो पार्ने, विकासप्रति सजग, सतर्क र चनाखो पार्ने र विकासको फल सबैका भागमा पुगेको छ कि छैन भनेर केलाउने, कोट्ट्याउने काम गर्न हामीले रेडियो पत्रिका खोज खबर शुरु गरेका हौँ ।"

सङ्गीता लामाको यसै उद्घोषका साथ २०५४ असार १ गतेदेखि रेडियो नेपालमा शुरु भएको 'रेडियो पत्रिका' खोज खबर सात महिनापछि, पुस २९ गते, हठात् बन्द गरिएको थियो । रेडियो नेपालबाट अल्पायुमै बन्द गरिए पनि दुर्गम बस्तीका नेपाली श्रोताको मन-मस्तिष्कमा अझै बसिरहेको छ खोज खबर । कामविशेषले गाउँघरतिर जाँदा यसका सञ्चालकहरू गोपाल गुरागाईं, सङ्गीता लामा तथा मण्टेश्वरी राजभण्डारीलाई भेट्नासाथ सो कार्यक्रमका कतिपय श्रोताहरू खोज खबरलाई सम्झन्छन् । रेडियो नेपालबाट त्यसताका प्रसारित कार्यक्रमहरूमध्ये यो जति लोकप्रिय सायदै अर्को कुनै कार्यक्रम थियो, जससँग दिनहुँ दर्जनौँ श्रोताहरूले पत्र वा फोनद्वारा आफ्ना भावना साटेका हुन् ।

५३ वर्षअघि, २००७ सालको माघमा, राणा शासनविरुद्ध आन्दोलनरत नेपाली कांग्रेसले आफ्ना आवाजहरू नागरिकहरूमाझ पुऱ्याउन उपयोगमा ल्याएको सञ्चारको औजार नै आजको रेडियो नेपालको प्रारूप हो (देवकोटा २०२४) । राणा शासनको अन्त्यपछि सोही वर्ष चैत २० गतेदेखि सरकारी तवरबाट 'नेपाल रेडियो'को स्थापना भयो । २०१७ सालमा राजा महेन्द्रले जननिर्वाचित सरकारलाई अपदस्थ गर्दै शासन व्यवस्था हातमा लिएर निर्दलीय पञ्चायत लागू गरेपछि नयाँ शासन सिकाउने र विरोधी तह लाउने हतियारको रूपमा यो प्रयोग भयो । हुकुम प्रमाङ्गीबाट चल्दै आएको रेडियो नेपालमा सर्वसाधारणको पहुँच असम्भवप्रायः थियो । रेडियो नेपालको कुरा गर्दा २०४१

र २०४५ सालमा गरिएका नीतिगत परिवर्तनलाई पनि उल्लेख गर्नुपर्ने हुन्छ तर स्पष्ट देखिने परिवर्तन आउन जनआन्दोलन नै कुर्नु पर्‍यो ।[1]

२०४६ सालको राजनीतिक परिवर्तनले रेडियो नेपालको कार्यक्रमहरूमा विविधता ल्यायो । खासगरी प्रजातन्त्रको पुनर्स्थापनापश्चात् रेडियो नेपालबाट जनताका आवाजहरू पनि बज्नु पर्छ भन्ने माग गरिए । नागरिक हक र मानवअधिकारका कुराहरू, विकास निर्माणका गतिविधिहरू तथा उत्पीडित र अल्पसङ्ख्यक जनताका आवाजहरू समेटिनु पर्छ भन्ने आवाजहरू उठाइए । बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको भावनाअनुरूप राष्ट्रमा देखा परेका दैनिक घटनाक्रमहरूबारे जनतालाई सुसूचित गराउने पहलस्वरूप रेडियो नेपालमा घटना र विचार, परिवेश र चिन्तनको चौतारीजस्ता कार्यक्रमहरू बज्न थाले । शुरुशुरुमा निकै लोकप्रिय रहेका यी कार्यक्रम दलपरस्त र गुटपरस्त हुन पुगेपछि त्यसको प्रशस्त आलोचना पनि भयो (कँडेल २०५५, चालिसे २०५४) । त्यस्तै, ५० को दशकपछि मानवअधिकार शिक्षा, सांसद फोन-इन, दलित जनजागरणजस्ता कार्यक्रमहरूले रेडियो नेपालमा स्थान पाए । यही परिवेशमा 'विकासको बात मार्ने' कार्यक्रम खोज खबर पनि रेडियो नेपालबाट प्रसारण भएको थियो ।

खोज खबर लोकप्रिय थियो र प्रभावी पनि । श्रोतालाई कार्यक्रममा यथोचित स्थान दिएर शैली र प्रस्तुतिमा नवीनता त ल्याएको थियो नै, विभिन्न सामाजिक मुद्दाहरू उठाउनमा पनि खोज खबर अग्रणी थियो । तर धेरै दिन टिकेन यो कार्यक्रम रेडियो नेपालमा । विनाकारण र विनापूर्वजानकारी बन्द गरियो । जनताले तिर्ने करले चले पनि सर्वसाधारणका बोली-भाकाले, तिनले दैनिक जुध्नुरहेका सवालले स्थान नपाएको अवस्थामा खोज खबरले एउटा नौलो इतिहास रचेको थियो– उनीहरूका आवाजलाई स्थान दिएर । उनीहरूका सुख-दुःखको साथी बनेर । खोज खबर नरहे पनि एउटा डोरेटो कोरेर गयो त्यो । त्यही पदचिह्न पछ्याए, अरू कार्यक्रमहरूले । त्यस्तै मुद्दा र उही शैलीका कार्यक्रम पनि बजे रेडियोबाट । यो खोज खबरको सफलता हो ।

छोटो समय चले पनि ग्रामीण जनताका थुप्रै समस्याहरूलाई केलाउँदै, उनीहरूका आवाज समेट्दै आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको र थुप्रै कार्यक्रमको स्वरूपलाई प्रभावित गरेको खोज खबरबारे यस लेखमा खोजीपस्ने जमर्को गरिएको छ । खोज खबरको शुरुआत कसरी भयो र किन अवसान

---

[1] २०४१ भदौ १ देखि सूचना विभागअन्तर्गत रहेको रडियो नेपाललाई विकास समिति ऐन २०१३ ले दिएको अधिकार प्रयोग गरी रेडियो प्रसार सेवा विकास समितिमा परिणत गरियो (प्रेस काउन्सिल नेपाल २०४९, श्री ५ को सरकार २०४१) । विकास समितिमा परिणत भएपछि रेडियो नेपालसमक्ष आर्थिक रूपमा आफ्नै खुट्टामा उभिनु पर्ने चुनौती आइपर्‍यो । २०४५ सालमा नयाँ सञ्चार नीति बनाइयो भने प्रजातन्त्र पुनर्स्थापनापछि २०४९ सालमा अर्को सञ्चार नीति लागू गरिएको थियो (श्री ५ को सरकार २०४५, २०४९) ।

भयो; कस्तो भाषा, शैली या स्वरूप र विषयवस्तु उठाएकाले यो लोकप्रिय बन्यो भन्नेजस्ता सवालहरूलाई केन्द्रमा राखेर यो लेख तयार गरिएको छ । आठ खण्डमा बाँडिएको यो लेखको पहिलो खण्डमा खोज खबरको शुरुआतको पृष्ठभूमिबारे चर्चा गरिएको छ । त्यसपछि क्रमशः खोज खबरको जनशक्ति; खोज खबरको विषयवस्तु र प्रस्तुति; खोज खबर र श्रोता; आर्थिक पक्ष; खोज खबरको अवसान; खोज खबरको प्रभाव; शीर्षक राखेर खोज खबरका विभिन्न पाटाहरूलाई केलाइएको छ । अन्तिम खण्डमा निष्कर्ष प्रस्तुत छ ।

## खोज खबरको शुरुआत

प्रजातन्त्र पुनर्स्थापना भएको ६-७ वर्ष बितिसकेको थियो, तैपनि रेडियोमा विकासे पत्रकारिताले गति लिएको थिएन । जबकि पञ्चायत कालदेखि नै छापामा शुरु भएको विकासे पत्रकारिता २०४६ सालपछि अझै मौलाएको थियो । त्यसो त रेडियोमा पनि 'विकासे' कार्यक्रम नभएका होइनन् । तर ती ढर्रामा चलेका थिए । अर्ती-उपदेश दिन्थे । गाम-बेसीका आवाज हुन्थेनन् त्यहाँ । त्यसैले तिनमा श्रोताहरूले अपनत्व महसुस गर्दैनथे । यो कमी खट्केको थियो विकास पत्र-कारितामा कलम चलाउँदै आएका केही सञ्चारकर्मीलाई । सोही कमी पूरा गर्न पत्रकारहरू भारतदत्त कोइराला, हेमबहादुर विष्ट, विनयकुमार कसजू र गोपाल गुरागाईंले केही गर्नुपर्ने ठाने र सल्लाह गरे । रेडियोमा विकासमूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा मतैक्य भयो । कसजूले नाम पनि जुराइदिनुभयो– खोज खबर ।

दोस्रो प्रतिनिधि सभा (२०५१-२०५५)मा कुनै दलको पनि बहुमत नआएकाले सरकारहरू फेरबदल हुने क्रम तीव्र थियो । यसैक्रममा २९ फागुन २०५३ मा गठित नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी र सद्भावना सम्मिलित संयुक्त सरकारको चैत्र ११ गतेको पुनर्गठनमा एमालेका झलनाथ खनाल सञ्चार मन्त्री बन्नुभयो । हेमबहादुर विष्ट त्यस-पछि नेपाल टेलिभिजन सञ्चालक समितिका अध्यक्ष बनाइनुभयो । मिडिया-सम्बन्धी नीति-नियम निर्माण गर्ने सवालमा उहाँ एक हिसाबले सरकारको सल्लाहकार भएकाले रेडियो नेपालबाट खोज खबर रेडियो पत्रिका शुरुआत गर्न तत्कालीन सरकार समक्ष कुरा पुऱ्याउन उहाँको भूमिका उल्लेख्य रह्यो । गोपाल गुरागाईं कार्यक्रम सञ्चालन गर्न कस्सिनु भयो । फलस्वरूप तत्कालीन समयका केही छापा–*गोरखापत्र, राइजिङ नेपाल, श्री सगरमाथा, काठमाडौं टुडे* र *हिमाल*–मा कार्यरत पत्रकारहरू सम्मिलित एउटा 'टीम' बनाइयो । समूहमा सङ्गीता लामा, गोपाल गुरागाईं, मण्टेश्वरी राजभण्डारी, हरिकला अधिकारी, हेमलता राई, रामप्रसाद हुमागाईं र प्रदीप कार्की गरी ७ जना हुनुहुन्थ्यो । सङ्गीता लामालाई प्रमुख सञ्चालकको रूपमा तोकियो ।

२०५४ जेठ २९ गते रेडियो नेपालसँग खोज खबर सञ्चालन गर्ने छ महिने सम्झौता भयो । सङ्गीता लामा र रेडियो नेपालबीच भएको उक्त सम्झौताअनुसार रेडियो पत्रिका खोज खबर २०५४ असार १ गतेदेखि बज्न थाल्यो । शनिबारबाहेक हरेक साँझ ८.३० बजे प्रसारण हुने सो कार्यक्रमको समयावधि १५ मिनेटमात्र थियो ।

रेडियो नेपालमा खोज खबर शुरु हुनमा राजनीतिक वातावरणको भूमिका छ । एमालेका झलनाथ खनाल सूचना तथा सञ्चार मन्त्री नभएका भए वामपन्थी भनेर परिचित भइसकेका गोपाल गुरागाईंको अनुरोधले रेडियो नेपालमा सायदै महत्व राख्ने थियो । शुल्क लिएरमात्र बाहिरी पक्षले उत्पादन गरेका कार्यक्रमहरू प्रसारण गर्दै आएको रेडियो नेपालले करारमा पारिश्रमिक दिएर कुनै व्यक्ति वा समूहलाई कार्यक्रम उत्पादन, प्रसारण गर्ने जिम्मा दिनुमा राजनीतिक सम्बन्धहरूले काम गरेको प्रष्ट छ । रेडियो नेपालमात्र होइन सार्वजनिक संस्थानहरूको रोग नै हो यो । सत्तामा जो छ उसैका कार्यकर्ता, समर्थक या चिनजानकाले काम पाउने यो परिस्थितिमा अझै कुनै परिवर्तन आएको छैन । तर यसको मतलब यो होइन कि सरकार वा पार्टीको प्रचार गर्ने माध्यमको रूपमा यो कार्यक्रम प्रयोग गरियो । रेडियो नेपालबाट जनताका आवाजहरू समेटिएको विकासमूलक कार्यक्रम प्रसारण गर्न चाहने गोपाल गुरागाईंहरूका लागि यस्तो माध्यम अपनाउनु एउटा बाध्यता थियो ।

## खोज खबरको जनशक्ति

खोज खबर कुनै सङ्घ-संस्थाको कार्यक्रम थिएन; माथि भनिएझैँ सात सञ्चार-कर्मीहरूको समूहले शुरु गरेको नयाँ कार्यक्रम थियो । खोज खबर शुरु भएको दुई महिनाभित्रमा विनय गुरागाईं, दुर्गा कार्की र सङ्गीता मरहट्टा पनि थपिए-पछि सो समूह दश जनाको हुन पुग्यो । त्यसका अतिरिक्त समूहबाहिर बसेर आफूले तयार पारेका सामग्रीहरू खोज खबरलाई उपलब्ध गराउने पत्रकारहरू पनि थिए । विभिन्न स्थानमा रहेका पत्रकारिता क्षेत्रमा कार्यरतहरूले खोज

खबरका लागि बेलाबेलामा विकासमूलक रिपोर्टहरू पठाउँथे । यी सबैलाई जोड्ने हो भने खोज खबरसँग सात महिनाको अवधिमा दुई दर्जनभन्दा बढी पत्रकारहरूले नाता गाँसेको देखिन्छ ।

सङ्गीता लामा खोज खबरको मुख्य सञ्चालक हुनुहुन्थ्यो र रेडियो नेपालसँग उहाँले नै सम्झौता गर्नुभएको थियो । तर कार्यक्रम उत्पादन र प्रसारणमा गोपाल गुरागाईंकै नेतृत्व रहने गर्थ्यो । पारिश्रमिक पनि अरूभन्दा उहाँकै बढी थियो । रेडियो नेपालसँगको सम्झौतामा सङ्गीता लामालाई अगाडि सारिनुको कारणबारे गोपाल गुरागाईंको भनाई थियो, “सम्झौता पत्रमा कसले हस्ताक्षर गर्ने भन्ने महत्वपूर्ण थिएन; हस्ताक्षरकर्ताको हैसियतले रेडियो नेपालसँग बेला-बेलामा गर्नुपर्ने ‘डिल’मा सहभागी हुने चाहना तथा समय दुवै नभएर उहाँलाई नेतृत्व सुम्पिएको हो ।” गुरागाईंको तर्क आफ्नो ठाउँमा सही होला तर एउटा स्वतन्त्र, राजनीतिक पहिचान नभएको व्यक्ति राख्दा त्यसले कार्य-क्रमलाई लाग्ने ‘दलीयकरण’को आरोपबाट मुक्ति दिन्थ्यो । सम्भवतः त्यसै कारणले लामालाई अघि सारियो ।

खोज खबर निर्माणमा जुटेका १० जनामध्ये गोपाल गुरागाईं, सङ्गीता लामा, हरिकला अधिकारी र मण्टेश्वरी राजभण्डारी रहेको ‘कोर टीम’ निर्माण गरिएको थियो । यही सानो समूहले के-कस्तो कार्यक्रम उत्पादन र प्रसारण गर्ने भन्ने निर्णय गर्थ्यो र प्राप्त सामग्रीहरू सम्पादन तथा प्रशोधन गरी प्रसार योग्य तुल्याउँथ्यो । टोलीका सदस्यहरूको मासिक पारिश्रमिक पनि निश्चित गरिएको थियो भने बाँकी अरूलाई कामको आधारमा पारिश्रमिक दिइन्थ्यो ।

खोज खबरमा संलग्नमध्ये अधिकांशले रेडियो पत्रकारितासम्बन्धी सैद्धान्तिक अथवा व्यवहारिक ज्ञान प्राप्त गरिसकेका थिए । गोपाल गुरागाईं रेडियो नेपाल-बाट बज्ने ‘वातावरण’ कार्यक्रम तथा सुन्ने पत्रिका ‘उकाली-ओराली’को उत्पादनमा संलग्न रहँदै आउनुभएको थियो ।[२] सङ्गीता लामा र मण्टेश्वरी राजभण्डारीको पनि ‘उकाली-ओराली’मा काम गरेको अनुभव थियो । लामा, राजभण्डारी-लगायत रामप्रसाद हुमागाईं, हेमलता राई र सङ्गीता मरहट्ठाले नेपाल वातावरण पत्रकार समूह (नेफेज) र वर्ल्ड भ्यू इन्टरनेशनलबाट सञ्चालित रेडियो कार्यक्रम उत्पादन तालिम लिनुभएको थियो । हरिकला अधिकारी, प्रदीप कार्की, दुर्गा कार्की र विनय गुरागाईंको रेडियो कार्यक्रम उत्पादनमा खासै अनुभव थिएन । तर समूहका प्रायः सदस्य छापामा काम गरिसकेका, गर्दैरहेका भएकाले पत्रकारिताबारे सबै जानकार नै थिए ।

---

[२] नेपाल वातावरण पत्रकार समूह (नेफेज) ले ‘वातावरण’ उत्पादन गर्थ्यो । २०४६ सालदेखि शुरु भएको यो कार्यक्रम २०५१ सालमा बन्द भएको थियो । सुन्ने पत्रिका ‘उकाली-ओराली’ विभिन्न खोजमूलक सामग्रीहरू समेटेर तयार पारिएको ‘अडियो टेप’ हो । विभिन्न दातृ संस्थाहरूको आर्थिक सहयोग जुटाएर तयार पारिँदै आएको यो पत्रिका १४ भागसम्म उत्पादन भई बजारमा आइसकेको छ ।

कार्यक्रम उत्पादन तथा प्रसारणका क्रममा देखिने कमी-कमजोरीलाई औँल्याई सल्लाह-सुझाव दिन एउटा सल्लाहकार समिति पनि थियो । खोज खबर शुरु भएको एक/डेढ महिनापछि सो समिति निर्माण गरिएको थियो । समितिमा पत्रकार कुन्द दीक्षित, सिविनका गौरी प्रधान, रेडियो नेपालका कार्यकारी निर्देशक शैलेन्द्रराज शर्मा तथा डा. आरजु देउवा राखिनु-भएको थियो । आफ्ना क्षेत्रका विज्ञ तथा खोज खबर सुनेर त्यसप्रति चासो देखाउँदै भेटघाटका बेलामा हौसला र प्रेरणा दिनेहरूमध्येबाट नै सल्लाहकार मण्डल बनाइएको गोपाल गुरागाईं बताउनुहुन्छ । सल्लाहकारबाट राय र सुझाव लिनका लागि प्रत्येक महिना सल्लाहकार र सञ्चालकहरूको बैठक बस्ने व्यवस्था गरिएको थियो । नियमित नभए पनि कार्यक्रम सञ्चालन अवधिभर ५ पटक-सम्म समितिको बैठक बसेको थियो ।

खोज खबरको ७ महिने अवधिमा रेडियो नेपालका ११ जना प्राविधिकहरू कार्यक्रममा संलग्न भएका थिए । प्रायः एकतर्फी आवाजमात्र प्रसारण हुने रेडियो नेपालका कार्यक्रमभन्दा खोज खबर केही नवीन शैलीको थियो । "समाचारको बीच-बीचमा विभिन्न पक्षको बोलीलाई संयोजन गरेर दिइने 'ब्रेकिङ्ग प्रोग्राम'को उस्तो अनुभव नबोकेका रेडियोका प्राविधिकले शुरुका दिनमा दिक्क मानेका थिए" भन्नुहुन्छ मण्टेश्वरी राजभण्डारी । तर समय बित्दै जाँदा प्राविधिक-हरूबाट पनि सौहार्दपूर्ण व्यवहार पाएको सञ्चालकद्वय सङ्गीता लामा र मण्टेश्वरी राजभण्डारीको भनाइ थियो ।

## खोज खबरको विषयवस्तु र प्रस्तुति

खोज खबरको विषयवस्तुको चरित्र रेडियो नेपालसँग भएको सम्झौताले धेरै हदसम्म निर्दिष्ट गरेको देखिन्छ । सम्झौतामा उल्लिखित १० शर्तहरूमा कार्यक्रम राजनीतिक समाचारमूलक हुन नहुने, संविधान र ऐन, नियमभन्दा बाहिर जान नहुने, र सरकारको छवि सपार्ने खालका सामग्रीहरू समावेश गर्नुपर्ने, आदि उल्लेख छन् (हेर्नुहोस् अनुसूची १) । त्यसबाहेक "कार्यक्रम विकास गतिविधि-हरूको समाचारमूलक, विश्लेषणात्मक हुनुपर्नेछ र प्रसार गरिने कुनै पनि कुराहरू तथ्यमा आधारित हुनुपर्नेछ" भनेर शर्तको पहिलो बुँदामा नै तोकिएको छ । कार्यक्रमको नामैले पनि कार्यक्रमका सामग्रीहरू विश्लेषणात्मक तथा खोजमूलक हुने कुराको सङ्केत गर्दछ ।

रेडियो नेपालसँगको करारले खोज खबरलाई एउटा कित्ता छुट्टयाइदिए पनि त्यहीँभित्र खेल्ने ठाउँ निकै थियो । अनेक विषय अटाउन सक्थे त्यसैमा पनि । कार्यक्रममा प्रसारण गरिने विषयवस्तुको छनोटमा खासगरी तीन पक्ष–सञ्चालक, सल्लाहकार समिति, श्रोतावर्ग–को संलग्नता देखिन्छ । शुरुआती दिनमा विषयवस्तु छान्नमा श्रोता र सल्लाहकार समितिको कुनै भूमिका रहेन किनकि सल्लाहकार समिति कार्यक्रम शुरु भएको एक-डेढ महिनापछि मात्र

बनेको थियो भने श्रोताहरूले कार्यक्रम नसुनी सुझाव, सल्लाह दिने कुरै भएन । श्रोताबाट सुझाव, सल्लाह प्राप्त हुन थालेपछि त्यसैका आधारमा समेत कार्य-क्रमहरू बन्न थाले । करिब तीन महिनापछिदेखि त कार्यक्रममा समेटिने आधा-जस्तो विषयवस्तु श्रोताका पत्रहरूका आधारमा छनोट हुने गरेको गोपाल गुरागाईं बताउनुहुन्छ । यद्यपि, कुन विषय छान्ने-नछान्ने भन्ने निर्णय कार्यक्रम सञ्चा-लकहरूको नै थियो । श्रोता र सल्लाहकारहरूका कारण उनीहरूलाई विषयको विविधता भने उपलब्ध भयो ।

श्रोताहरू आफ्ना समस्या अनुभव र जिज्ञासाहरू पत्र या फोनमार्फत व्यक्त गर्दथे । आफ्ना गाउँ-ठाउँका घटनाहरू, धार्मिक, सांस्कृतिक वा पुरातात्विक महत्वका स्थलहरूबारे लेखी पठाउँथे । कोही आफ्नो गाउँघरमा आएर त्यहाँका विभिन्न पक्षहरूबारे विस्तृत रूपमा खोजी गरी कार्यक्रममा प्रसारण गरिदिन खोज खबरलाई आग्रह गर्थे । दिनदिनैका घटनावली केलाउँदै तिनको महत्व के कति छ भनेर जाँच्ने काम पत्रकारहरूको थियो । सल्लाहकारहरूले कार्यक्रममा रहेका कमी-कमजोरी र विषयवस्तुको सान्दर्भिकताबारे मार्गदर्शन गर्थे । श्रोता-हरूका प्रतिक्रिया र सुझावको अध्ययन, समसामयिक विषयबारे आफूसँग भएका सूचना तथा सल्लाहकार समूहबाट प्राप्त सुझावहरूमा आपसी छलफल गरेर खोज खबरमा संलग्न पत्रकारको समूहले विषयवस्तु निर्धारण गर्दथ्यो ।

खोज खबरको विषयवस्तु चयनमा अप्रत्यक्ष प्रभाव पार्नेमा जर्मन सहयोग संस्था जीटीजेड, 'साथी' र वर्ल्ड भ्यू इन्टरनेशनल प्रमुख छन् । खोज खबरका पत्रकारमध्येका केही सुन्ने पत्रिका 'उकाली ओराली' निर्माणमा पनि संलग्न थिए । उल्लिखित तीन संस्थाहरूको आर्थिक सहयोगमा सो सुन्ने पत्रिका तयार गरिन्थ्यो । साना किसान विकास आयोजना, घरेलु हिंसा, आदि विषयमा उत्पादित सामग्रीहरू 'उकाली ओराली' तथा खोज खबर दुवैका लागि काम लाग्ने थिए । यसकारण खोज खबरमा प्रसारित ती विषयका धेरै रिपोर्टहरू 'उकाली ओराली' बाट साभार गरिएका हुन्थे अथवा खोज खबरमा बजेपछि 'उकाली ओराली'मा राखिन्थे । खोज खबरकी सञ्चालक सङ्गीता लामा भन्नुहुन्छ, "विषयवस्तु छान्दा कहिलेकाहीँ 'डोनर ओरिएन्टेड' पनि भइयो होला ।"

१५ मिनेटको खोज खबरलाई तीन खण्डमा विभाजन गरिएको पाइन्छ । पहिलो खण्डमा समाचार विश्लेषण वा जानकारी, दोस्रोमा रिपोर्ट र तेस्रोमा श्रोताका पत्र प्रसारण गरिन्थ्यो । यसका अतिरिक्त समय-समयमा विभिन्न व्यक्तित्वहरूसँगको अन्तर्वार्ता पनि प्रसारण गरिन्थ्यो । तीन खण्डलाई बाँडफाँड गरेको समयलाई हेर्दा २-४ मिनेट समाचार विश्लेषण वा जानकारी, ६-८ मिनेट रिपोर्ट र अन्तिम २-३ मिनेट आजको पत्र स्तम्भअन्तर्गत श्रोताका सुझाव, जिज्ञासा र त्यसको जवाफका लागि छुट्याउने गरेको पाइन्छ । शुरुको १-२ मिनेट अभिवादन र विषयवस्तुको परिचयमा खर्च हुन्थ्यो । विषयवस्तुको गम्भीरता र महत्व हेरी समय विभाजनमा तल-माथि हुन्थ्यो । समाचार विश्लेषण

वा रिपोर्टका लागि समय बढी चाहिएका खण्डमा श्रोताका पत्र प्रसारण नहुन पनि सक्थ्यो । खोज खबर प्रसारण अवधिभर कार्यक्रमको यो संरचनामा खासै परिवर्तन भएको देखिँदैन । कार्यक्रमका तीनवटै खण्डबारे तल अलि विस्तृत चर्चा गरिएको छ ।

### *समाचार विश्लेषण/जानकारी*

खोज खबरको एउटा मुख्य खण्ड–समाचार विश्लेषण–मा देश-विदेशमा दिनदिनै भइरहेका विभिन्न घटनामध्ये सान्दर्भिक एक वा दुई सामग्री समेटिएको हुन्थ्यो । यी सामग्री मुख्यतः सोही दिन पत्रपत्रिकामा प्रकाशित समसामयिक विषय हुन्थे । त्यसबाहेक, उपत्यकाका विभिन्न स्थानमा हुने विकासे सभा, गोष्ठी तथा सेमिनारमा प्रस्तुत विषयवस्तु र तीबाट निस्किएका निष्कर्षप्रति खोज खबरका पत्रकार सधैँ सचेत रहन्थे । विषयको प्रकृति, गाम्भीर्य हेरी सम्बन्धित विषयका विशेषज्ञ र सर्वसाधारणको आवाजलाई पनि यो स्तम्भमा समावेश गरिन्थ्यो जसले गर्दा समाचारको विश्वसनीयता अझै बढ्थ्यो । उदाहरणका लागि २०५४ असार १५ गते प्रसारित च्छो रोल्पा हिमतालसम्बन्धी सामग्रीलाई लिन सकिन्छ । यो हिमताल फुट्ने हल्ला र विभिन्न अड्कलबाजी भइरहेको समयमा खोज खबरमा सोबारे विश्लेषणात्मक सामग्री प्रसारण भएको थियो । च्छो रोल्पा तुरुन्त फुट्छ कि फुट्दैन, फुटेमा त्यसबाट नेपालका कुन कुन भागहरू प्रभावित हुन्छन्, सो ताल विस्फोट हुनबाट जोगाउन कुन कुन क्षेत्रबाट के कस्ता पहलहरू भइरहेका छन्, आदि सवालहरूको जवाफ खोज्ने प्रयास सो समाचारमा गरिएको थियो । हिमताल क्षेत्रको भ्रमण गरेर आएका इलेक्ट्रिकल इञ्जिनियर कुमार पाण्डे, जल तथा मौसम विज्ञान विभागका उपनिर्देशक आदर्श पोखरेल, सोही विभागका शङ्कर योगाचार्य तथा अर्का विशेषज्ञ वीरबल राणाका विचारहरू उनीहरूकै आवाजमा कार्यक्रममा समेटिएको थियो । हिमताल तुरुन्तै फुट्न सक्ने हल्लाका कारण त्रासमा बाँचिरहेका सो क्षेत्रका बासिन्दाले विशेषज्ञहरूकै मुखबाट तत्काल खतरा नभएको सुन्न पाउँदा केही त्राण मिलेको थियो ।

यो स्तम्भमा 'विकास र बजेट' शीर्षक राखेर विभिन्न जिल्लामा विकास निर्माणका लागि छुट्टयाइएको बजेटको विश्लेषण गरिन्थ्यो । यसका लागि दुर्गम जिल्लाहरूलाई प्राथमिकता दिइन्थ्यो किनकि ती स्थानका बासिन्दाले अन्य स्रोत-मार्फत त्यस्ता जानकारी सहज पाउन सक्दैनथे । आफ्नो जिल्लाको बजेटका विषयमा बताइदिन खोज खबरमा श्रोताहरूबाट प्रशस्त पत्र तथा टेलिफोन प्राप्त हुन्थे । भदौ १६ गतेको कार्यक्रममा पर्वत जिल्लामा विकास निर्माणका लागि छुट्टयाइएको बजेटसम्बन्धी जानकारी दिइएको थियो । मोदीखोला जल-विद्युत, ग्रामीण विद्युतीकरण, गोबर ग्याँस प्लान्ट, निर्माणाधीन बाटाघाटा र झोलुङ्गे पुल, नयाँ धारा निर्माण तथा पुराना मर्मत सुधार, खानेपानी आयोजना,

सामुदायिक वन तथा जलाधार विकास, सार्वजनिक पुस्तकालय र दलित छात्रवृत्ति जस्ता आयोजनाका लागि के कति रकम सरकारले बजेटमा छुट्ट्याएको छ भन्ने जानकारी सो कार्यक्रममा दिइएको थियो । यस्ता प्रयासबाट त्यस क्षेत्रका बासिन्दाहरू आफ्नो जिल्लामा आउँदा दिनमा सम्पन्न हुने विकास निर्माणका कार्यबारे जानकारी पाउँथे । यसबाट बजेटमा उल्लेख भएर पनि सम्पन्न नभएका आयोजनाहरू के कारणले सम्पन्न हुन सकेनन् भनेर खोजीनिती गर्न ती क्षेत्रका बासिन्दालाई आधार मिल्थ्यो । असार ८ गते प्रसारित राष्ट्रिय विकास परिषदको बैठक, असार १८ गते प्रसारित पेट्रोलको भाउ वृद्धि, असार ३१ गते प्रसारित बजेट विश्लेषण, कार्तिक २२ गते प्रसारित संविधान दिवस र मङ्सिर १८ मा प्रसारित अपाङ्ग दिवससम्बन्धी समाचार यो स्तम्भमा प्रसारण भएका समसामयिक सामग्रीका उदाहरण हुन् ।

त्यसबाहेक देशभित्र र बाहिरका विभिन्न सान्दर्भिक घटना तथा नयाँ वैज्ञानिक आविष्कारसम्बन्धी सामान्य जानकारीहरू पनि कार्यक्रममा बेलाबखत समेट्ने गरिएको थियो । उदाहरणका लागि असोज ९ गते अक्षरको आविष्कार, असोज २१ गते मदन पुरस्कार, मङ्सिर १७ गते दक्षिण अफ्रिकामा आविष्कार गरिएको फ्रि प्ले (दम दिने) रेडियो, पुस १५ गते बेलायतमा चुरोटको अम्मली तथा पुस २० गते वायुमण्डलमा हुने फेरबदल, आदि विषयमा प्रसारण गरिएका जानकारीमूलक सामग्रीलाई लिन सकिन्छ ।

### *रिपोर्ट*

रिपोर्ट खोज खबरको प्रमुख स्तम्भ थियो । त्यसैले अन्य खण्डको तुलनामा यसले समय पनि बढी पाएको थियो । रिपोर्टको तयारीमा नै खोज खबरका पत्रकारहरूले अधिकतम समय र परिश्रम खर्चेका हुन्थे । हरेक दिन एउटा रिपोर्ट त बजेकै हुन्थ्यो, कहिलेकाहीँ अरू स्तम्भको समय घटाएर पनि दुई या तीनवटासम्म रिपोर्ट प्रसारण हुन्थे । श्रोता र सल्लाहकारका सुझाव तथा प्रतिक्रियालाई विचार गरेर के कस्ता विषयमा रिपोर्ट बनाउने भनेर प्रत्येक हप्ता समूहको बैठक बस्थ्यो । बैठकबाट कामको बाँडफाँड हुन्थ्यो र पत्रकारहरू आ-आफ्नो भागमा परेको रिपोर्ट तयार गर्न थाल्थे । रिपोर्ट समसामयिक, विकास-मूलक विषयमा मात्र होइन, समाजका लब्ध-प्रतिष्ठित व्यक्तिहरूको जीवनीमाथि पनि बनाइन्थ्यो । एउटा व्यक्तिको जीवनका आरोह-अवरोह तथा उसको आचरण र व्यवहारबाट अरूले पनि शिक्षा ग्रहण गरून् भनेर 'प्रोफायल' प्रसारण गरिएको सञ्चालक मण्टेश्वरी राजभण्डारी बताउनुहन्छ । क्षेत्रप्रताप अधिकारी, जीवन शर्मा, केवलपुरे किसान, सिस्टर निर्मला, हरिवंश आचार्य, मदनकृष्ण श्रेष्ठ, झमककुमारी घिमिरे, झलकमान गन्धर्व, टोनी हागन, सत्यमोहन जोशी आदिको प्रोफायल खोज खबरमा बजेको थियो ।

खोज खबरको सात महिने अवधिमा यसका १८७ शृङ्खला प्रसारण भएको थियो । करिब २५० वटा रिपोर्टहरू त्यसअवधिमा बजेको देखिन्छ । यी रिपोर्टहरूमा समाजका विभिन्न विषय, मुद्दालाई उठाइएको थियो । खोज खबरले प्रसारण गरेका विषयवस्तुको विवरण तालिका १ मा दिइएको छ ।[३]

**तालिका १:** विषयवस्तु र रिपोर्टको सङ्ख्या

| क.सं. | विषय | सङ्ख्या |
|---|---|---|
| १ | कृषि | ५१ |
| २ | महिला | २० |
| ३ | स्वास्थ्य | १८ |
| ४ | घरेलु हिंसा | ११ |
| ५ | मजदुर | ९ |
| ६ | सामुदायिक वन | ५ |
| ७ | वैदेशिक रोजगार | ५ |
| ८ | रक्सीविरोधी आन्दोलन | ५ |
| ९ | शिक्षा | ४ |
| १० | दलित/छुवाछुत | ४ |
| ११ | विकास/बजेट | ४ |
| १२ | गरिबी | ३ |
| १३ | बालबालिका | ३ |
| १४ | जनजाति | २ |
| १५ | प्रवासी नेपाली | २ |

*स्रोतः खोज खबर रेकर्ड फायल, कम्युनिकेसन कर्नर*

तालिका १ मा १५ वटा विषयहरूमात्र समावेश गरिएको छ । तीबाहेक सञ्चार, अपाङ्ग, वातावरण, साहित्य, पर्यटन, धर्म, लोक-संस्कृति आदि थुप्रै विषयका रिपोर्टहरू पनि खोज खबरमा प्रसारण भएका थिए । तालिकामा उल्लिखित विषयवस्तुहरू 'ओभरल्याप' नहुने गरी दिइएको छ । उदाहरणका लागि, कृषि पेशाभित्र रहेका महिलासम्बन्धी रिपोर्टहरू तथा घरेलु हिंसा र रक्सीविरोधी आन्दोलनसँग गाँसिएका महिलासम्बन्धी सामग्रीहरू तत् तत् शीर्षकअन्तर्गत राखिएका कारण महिलासम्बन्धी विषयमा प्रसारित रिपोर्टको सङ्ख्या २० वटा मात्र भएको हो । त्यसैगरी बालबालिका, दलित, जनजाति, वैदेशिक रोजगार, गरिबी, विकास/बजेट, जस्ता विषयसँग मिल्दा सामग्रीहरू तालिकाभित्रका अन्य शीर्षकमा पनि परेका छन् ।

प्रसारित रिपोर्टमध्ये सबैभन्दा बढी स्थान कृषिले ओगटेको तालिकाबाट देखिन्छ । बहुसङ्ख्य जनताको जीविकोपार्जनको प्रमुख आधार रहेको कृषिसम्बन्धी

[३] रेकर्ड फायलमा उल्लिखित रिपोर्टको शीर्षकका आधारमा मात्र विषय-शीर्षक छुट्याइएकाले शीर्षकका आधारमा स्पष्ट विषय छुट्टिने रिपोर्टमात्र गणना गरिएको छ । त्यसैले जम्मा प्रसारित रिपोर्टको सङ्ख्या र तालिकामा उल्लिखित सङ्ख्यामा फरक देखिएको हो ।

विषयले प्राथमिकता पाउनु स्वाभाविक देखिन्छ । कृषिअन्तर्गत कृषक सहकारी समूह र तिनका गतिविधि, कृषि उत्पादनको मूल्य तथा बजार, खेतीपाती-सम्बन्धी कृषकहरूको अनुभव, मल-बीउको समस्या, घरेलु विषादी बनाउने तरिका, पुशपालन, माछापालन तथा सिँचाइ आदि विषय समेटिएका छन् । यीमध्ये पनि साना किसान सहकारी समूह र तिनका गतिविधिहरूले प्रशस्तै ठाउँ पाएका छन् । कृषकहरूले गाउँघरमा स-साना सहकारी समूहहरू गठन गरी कृषि तथा पशुपालनसम्बन्धी हरेक विषयहरूमा छलफल गर्दै आइपरेका समस्या समाधान गर्ने, तथा मासिक रूपमा समूहका सदस्यबाट ५-१० रूपियाँ सङ्कलन गरी जम्मा भएको रकम सदस्यहरूको आर्थिक समस्या समाधानार्थ निर्व्याजी वा सस्तो ब्याजदरमा वितरण गर्ने, जस्ता गतिविधिसम्बन्धी रिपोर्ट कार्यक्रममा समावेश छन् ।

धादिङ जिल्लाको भूमिस्थानका किसानले चलाएको ब्याङ्कसम्बन्धी विशेष रिपोर्ट खोज खबरले साउन २० गते प्रसारण गरेको थियो । रिपोर्टमा सहकारी समूहमा जम्मा भएको रकमबाट स्वयं किसानहरूले साना किसान ब्याङ्क स्थापना गरी सञ्चालन गरेको पृष्ठभूमि, ब्याङ्कको स्थापनाबाट त्यस क्षेत्रका किसानहरूले लिएको लाभ तथा ब्याङ्कले गरिरहेको कारोबारबारे कृषक तथा ब्याङ्क कर्मचारीको आवाजसहित विस्तृत चर्चा गरिएको थियो ।

महिलासम्बन्धी मुद्दाहरू पनि खोज खबरको प्राथमिकतामा परेको देखिन्छ । महिला हक र अधिकारसम्बन्धी आन्दोलनलाई माथि उठाउन सहयोगी सामग्रीहरू यो कार्यक्रममा उल्लेख्य सङ्ख्यामा बजेका थिए । रिपोर्टहरूमा पैतृक सम्पत्तिमा महिलाको समान अधिकारका पक्ष र विपक्षमा उठेका विभिन्न तर्कहरूलाई प्रमुख स्थान दिइएको थियो । परम्परागत रूपमा पुरुषहरूको प्रभुत्व रहेको क्षेत्र जस्तै प्रहरी, बसको कण्डक्टर, आदिमा महिलाहरूको बढ्दो सहभागिता खोज खबरको विषयवस्तु बनेका थिए । त्यसबाहेक, महिला स्वावलम्बनका सवाल, राजनीतिमा महिला सहभागिता, महिला उत्पीडन, शिक्षामा महिलाको पहुँच, आदिबारेका रिपोर्टहरू पनि प्रसारण भएका थिए ।

जनस्वास्थ्य र घरेलु हिंसा खोज खबरमा महत्व पाएका थप दुई विषय हुन् । आधारभूत स्वास्थ्य, घरभित्रै तथा वरिपरि सजिलै उपलब्ध हुन सक्ने वस्तुको सरल उपयोग गरी लाभान्वित हुने काइदा, बजारमा पाइने विभिन्न रसायन र मिसावटयुक्त वस्तुको उपयोग कम गर्नुपर्ने आवश्यकता, आदिबारे खोज खबरमा जानकारी दिइएको पाइयो । तीतेपातीको उपयोग, रेबिज रोग, सर्पको टोकाइ, झाडापखाला वा हैजा आदिबारे विभिन्न जानकारी समेटिएका रिपोर्टमा श्रोताहरूद्वारा धेरै प्रतिक्रिया/जिज्ञासा व्यक्त गरिएको थियो । महिला र बालबालिकाविरुद्ध हुने गरेका हिंसा तथा दुर्व्यवहारबारेका रिपोर्ट खोज खबरबाट प्रसारण गरिएको छ । त्यस्तै, मादक पदार्थ सेवन गरेर गर्ने कुटपिट, घरेलु कामदारमाथि हुने हिंसा, छोराछोरीमाथि बाबुआमाद्वारा गरिने शारीरिक वा

मानसिक यातना तथा यस क्षेत्रमा लागिपरेको संस्था 'साथी'बारे खोज खबरमा जानकारी दिइएको थियो ।

### *आजको पत्र*

खोज खबरको अर्को नियमित स्तम्भ थियो– आजको पत्र । यो स्तम्भ कार्यक्रम प्रसारण हुन थालेको एक महिनापछि मात्र शुरु भएको हो । शुरुका दिनहरूमा कार्यक्रमबारे राम्रो जानकारी नभएकाले खासै पत्रहरू आएनन् । जति आए, तिनमा पनि प्रसारणलायक थोरै थिए । तिनमा 'समय कम भएको' तथा कार्यक्रम 'अत्यन्त राम्रो भएको' लेखिएका हुन्थे । कतिपयमा व्यक्तिगत गन्थनमात्रै हुन्थे । प्राप्त पत्रहरूको अध्ययन गर्दै र तिनलाई कसरी कार्यक्रममा सामेल गर्ने भन्ने योजना बनाउँदैमा पहिलो महिना बित्यो । साउन १ गतेदेखि 'आजको पत्र' स्तम्भ रोखेर दैनिक एकजना श्रोताको पत्र वा टेलिफोन प्रतिक्रिया र आवश्यकता-अनुसार त्यसको जवाफ प्रसारण गर्न थालियो । श्रोताहरूको सङ्ख्या निकै बढ्न थालेपछि भदौको अन्तिम सातादेखि हरेक दुई हप्तामा एकदिन पत्र प्रसारणका लागि भनेर छुट्ट्याउन थालियो । आफ्नो पत्र प्रसारण भएको सुनेपछि श्रोतामा हौसला बढ्ने र त्यसले कार्यक्रममा श्रोता सहभागिता अरू बढाउने हुँदा पनि यसो गरिएको बताइन्छ ।

प्राप्त सबै पत्रलाई सञ्चालकहरूले दिनहुँ अध्ययन गर्थे । कार्यक्रममा आह्वान गरिएझैँ पत्रहरूमा सुझाव, सल्लाह, प्रतिक्रिया, जिज्ञासा तथा विभिन्न लेखरचना समेटिएका हुन्थे । कार्यक्रमको समय बढाउने, कार्यक्रमलाई राजनीति-बाट मुक्त राख्ने, कार्यक्रमले फलाना-फलाना सामग्रीहरू समेट्नुपर्ने, कार्यक्रमको समय परिवर्तन गर्ने जस्ता सल्लाह र सुझावहरू प्राप्त भएका थिए । कार्य-क्रमले उत्पन्न गरेका कृया-प्रतिक्रियाहरू उल्लेख गर्दै थप जिज्ञासाले भरिएका पत्रहरू पनि पाइन्थे । कतिले आफ्नो टोल-छिमेक या गाउँघर तथा व्यक्तिगत रूपमा आइपरेका समस्याहरू लेख्दै त्यसको समाधानका उपाय सोध्थे । मुगुका एक श्रोताले मुगुबारे लेखिएको आफ्नो कविता खोज खबरबाट प्रसारणका लागि प्रमुख जिल्ला अधिकारीको सिफारिससमेत पठाएका थिए ।[४] विभिन्न धार्मिक, पुरातात्विक, पर्यटकीय महत्व बोकेका स्थानहरूबारेका लेखरचनाहरू पनि श्रोताहरूले पठाउँथे । प्राप्त सबै पत्रहरू कार्यक्रममा प्रसारण गर्न सम्भव नभएकाले पत्रको सान्दर्भिकता र महत्व हेरेर प्रसारण गरिन्थ्यो । कार्यक्रममा पस्किएको विषयवस्तुमाथि टिप्पणी गरिएको र त्यसमध्ये पनि धेरै श्रोताहरूले जिज्ञासा राखेको आधारमा चिठी छान्ने एवं प्रसारण गर्ने गरिएको मण्टेश्वरी राजभण्डारी बताउनु हुन्छ ।

---

[४] अनुसूची २ मा खोज खबरलाई प्राप्त यो र थप केही पत्रका नमुना दिइएको छ ।

श्रोताबाट प्राप्त सामग्रीलाई विश्वासका आधारमा प्रसारण गर्दा धोका पाइएको प्रसङ्गबारे गोपाल गुरागाईं बताउनु हुन्छ, “साउन २१ गते गुल्मी जिल्लाको वम्घा गाविसस्थित देवस्थल गुफाबारे एकजना श्रोताले प्रेषित गरेको सामग्री प्रसारण गरिएको थियो । तर प्रसारित सामग्री झुठो हो भन्दै गुल्मेलीहरूले टेलिफोनमार्फत गाली गर्न थालिहाले ।” खोज खबरको सामग्रीप्रति आपत्ति जनाउँदै गुफा संरक्षण समितिका सम्पूर्ण पदाधिकारीहरूले त्यसको खण्डन गर्न पत्रमार्फत अनुरोध गरेका थिए र सोहीअनुरूप खोज खबरले भदौ १९ गतेको संस्करणमा उक्त खण्डन पनि प्रसारण गरेको थियो । यो घटनापछि श्रोताहरूबाट प्राप्त त्यस्ता सामग्रीहरू खोज खबरबाट प्रसारण गरिएनन् ।

गोपाल गुरागाईंले खोज खबरको बिदाइ कार्यक्रममा भन्नु भएको थियो– “श्रोताहरूले खोज खबरलाई विकासको बातमार्ने साथी; भ्रष्टाचार र ठगी हटाउने प्रहरी; सामाजिक विकृति नियन्त्रण गर्ने सुधारक; कानून, स्वास्थ्य, रोजगारी आदिको सल्लाहकार ठान्नुभएको छ ।” खोज खबरमा प्राप्त पत्रहरू पढ्दा त्यस्तै देखिन्छ ।

## *प्रस्तुति*

ठूलाबडा भनिएका ओहदावालहरूका विचार, धारणा, भाषा र शैलीमात्र नागरिकहरूलाई थोपर्दै आएको रेडियो नेपालमा खोज खबरको प्रस्तुतिको शैली पृथक थियो । नूतन थियो । यसबाहेकका कार्यक्रममा तल्लो तप्काका नागरिकहरूको आवाज सायदै प्रसारण हुन्थे । कथंकदाचित तिनका कुराले ठाउँ पाउने स्थिति आएमा पनि तिनका बोली तोडमरोड गरेर अर्कैले बोल्दथ्यो । तर खोज खबरमा ती आवाज रोकिएकाहरूको बोलीले पनि ठाउँ पाउन थाले । सधैँभरि रेडियोबाट सम्भ्रान्त भनाउँदाहरूका भाषा, स्वर सुनिरहेकाहरूले त्यही ‘बाकस’ बाट आफ्नै या आफ्नोजस्तै आवाज गुञ्जिएको पाउँदा रमाइलो मानेका थिए । यही नै खोज खबरको प्रमुख विशेषता थियो । यसको एउटै रिपोर्टभित्र ५-१०

जनासम्म साधारणजनका आवाज समेटिएका हुन्थे । यसले गर्दा श्रोताहरूले खोज खबरलाई आफ्नै ठाने । माया गरे, अपनत्व दर्शाए । त्यसबाहेक, विशेषज्ञ-देखि प्रभावितहरू सबैको स्वर प्रसारित हुँदा त्यसले विषयवस्तुको विश्वसनीयता अरू अभिवृद्धि गर्थ्यो । त्यहाँ पक्ष र विपक्ष दुवैका आवाज समेटिएका हुन्थे जुन आवाज सुनेर श्रोताले कुन ठीक र कुन बेठीक भन्ने छुट्टयाउने मौका पाउँथे । खोज खबरमा संलग्न पत्रकारहरूले पत्रकारिताको अनुभवलाई राम्रैसँग यसमा प्रयोग गरेका थिए ।

असार ११ गतेको कार्यक्रममा प्रसारित धादिङ जिल्लाको धुवाँकोट गाविस-स्थित 'सिस्नेपाखा सामुदायिक वन उपभोक्ता समिति'को भेलाबारे गोपाल गुरागाईंको रिपोर्टले खोज खबरको प्रस्तुतिको शैलीसँग परिचय गराउँछ । "डाँडामाथि देखिएको रातो घाम, खुल्ला र सफा वातावरण तथा पारिपट्टि पाखामा घाँसको भारी बोकेर हिँडिरहेको महिलाहरूको ताँती"जस्तो वरिपरिको वातावरणको वर्णनसहित भेलामा गुञ्जिएको गाइँगुइँबाट शुरु गरिएको थियो सो रिपोर्ट । उल्लेख नगरे पनि हुने बाहिरी वातावरणको वर्णनले रिपोर्टलाई तन्काएर समय खेर फालेजस्तो लागे पनि त्यसले श्रोतालाई स्वयं नै सो स्थानमा उपस्थित भएको अनुभूति दिन्छ । कार्यक्रम सुनिरहुँ जस्तो बनाउँछ ।

अरू कार्यक्रमभन्दा खोज खबर भिन्न हुनुमा यसमा प्रयुक्त भाषा र शैली पनि हो । खोज खबरका प्रस्तुतिहरू सरल र प्रायःले बुझ्ने भाषामा बोलिन्थे । खोज खबरमा श्रोताहरूको जिज्ञासा समाधान गर्दा सम्बन्धित विशेषज्ञहरूकै आवाज समावेश गरिन्थ्यो जसले गर्दा उनीहरू आफूले प्राप्त गरेको जवाफप्रति बढी विश्वस्त हुन्थे नै, तिनका भनाइमा सामान्य जनताले नबुझ्ने प्राविधिक शब्दहरू घुसेमा सञ्चालकले त्यसलाई सक्दो सरल शब्दमा बुझाउने कोसिस गर्थे । आर्थिक विश्लेषण, स्वास्थ्यसम्बन्धी सल्लाह तथा कानूनी विषयहरूमा त्यस्तो शैलीको प्रयोग बढी भेटिन्छ । गोपाल गुरागाईं भन्नुहुन्छ, "बढीभन्दा बढी जनताले कार्यक्रम सुनून् भन्ने चाहना राख्ने हो भने भाषा बुझिने हुनै पर्छ । हाम्रो चाहना पनि त्यही थियो र भाषाको विषयमा हामी अत्यन्त संवेदनशील थियौं ।" उहाँको थप भनाइ थियो, "नेपाली भाषा भनेर पनि हुँदैन, सबै नेपाली शब्दहरू नेपाली बोल्नेले बुझेका हुन्छन् भन्ने छैन । त्यसैले बोलीचालीको भाषामा नै बढी जोड दिनुपर्दछ भन्ने हाम्रो मान्यता हो ।"

## खोज खबर र श्रोता

> यो बजेटमा खर्च गर्न छुट्टयाइएको पैसा हामी जनताबाट सरकारले उठाएको हो त्यसैले आफ्नो क्षेत्रमा के कति विकास हुन लागेको छ र कहाँ के कति रकम खर्च गरिँदैछ भन्नेतर्फ सचेत हुनुपर्दछ भनेर जनतालाई चनाखो त बनाइयो । तर बाटो बनाउन त्यो बजेट कहाँ-कहाँ खर्च भयो भनेर सोध्दा तपाइँलाई के

मतलब भन्छन् । मजदुरहरूलाई पनि कम ज्यालामा काम गर्न बाध्य बनाउँछन् । के तिनीहरूलाई यसो गर्दा सजायँ दिन मिल्दैन ?[५]

–दीपेन्द्र के.सी., स्याङजा

छोरीलाई अंश दिने भन्ने विधेयक कस्तो रूपमा आउँदैछ ? के यो विधेयक आएपछि नारी र पुरुषमा समानता आउला त ? यो कानून पनि मुलुकी ऐनले २०२० सालमा छुवाछुत अन्त्य गरेजस्तो हुने हो कि ? यससम्बन्धी कुराको बारेमा एउटा रिपोर्टसमेत तयार गरेर सुनाएमा हामीजस्ता गाउँका श्रोताहरू आभारी हुने थियौं ।[६]

–जनार्दन आचार्य 'सलभ', अध्यक्ष, खोज खबर रेडियो श्रोता क्लब,[७] रामेछाप

पर्वत जिल्लाका लागि के-कति रकम छुट्टयाइएको छ र कहाँ-कहाँ के-कति विकास निर्माणका लागि छुट्टयाइएको छ ? प्रष्ट पारिदिनुभए आभारी हुने थिएँ ।[८]

उल्लिखित जिज्ञासाहरू खोज खबरमा प्राप्त श्रोताहरूका प्रतिक्रियाको चाङबाट नमुनास्वरूप लिइएको हो । खोज खबर र श्रोताको सम्बन्ध देखाउन तथा यी दुईले एक अर्कालाई के दिए भनेर देखाउन यी प्रतिक्रिया साभार गरिएको हो ।

कुनै पनि रेडियो कार्यक्रमको सफलता-असफलता मापन गर्न उक्त कार्यक्रमले के-के विषयवस्तु श्रोतामाझ पस्क्यो ? श्रोताले त्यसलाई कसरी ग्रहण गरे ? त्यसको असर कसरी पऱ्यो ? के कस्तो प्रतिक्रिया समाजमा देखियो ? आदि विषयको उत्तर खोजिनु जरुरी हुन्छ । यी सबै प्रश्नको जवाफ खोज्न सजिलो छैन । त्यसका लागि लामो अनुसन्धान र स्थलगत अध्ययन आवश्यक पर्छ । यद्यपि श्रोताहरूले कार्यक्रमप्रति व्यक्त गरेका प्रतिक्रियाहरूले केही सङ्केतहरू दिन्छन् । केही धारणा बनाउन सहायता पुऱ्याउँछन् ।

---

[५] २४ असोज २०५४ मा खोज खबर कार्यक्रममा प्रसारित पत्र ।

[६] १६ भदौ २०५४ मा खोज खबरका लागि लेखिएको पत्र ।

[७] रेडियो श्रोता क्लब भन्नाले रेडियोबाट प्रसारित कुनै कार्यक्रमलाई समूहगत रूपमा सुनी प्रसारित विषयमा छलफल गर्ने, निष्कर्ष निकाल्ने, जनमानसमा कार्यक्रमले दिएको सन्देशलाई फैलाउने तथा कार्यक्रमलाई परिमार्जनका लागि आवश्यक सुझाव, सल्लाह या प्रतिक्रिया दिने उद्देश्यले गठन भएको सङ्गठित समूहलाई जनाउँछ (भट्टराई २०५७, श्रोता क्लब २०५६) । रेडियो नेपालबाट खोजखबरभन्दा अघि वा पछि बज्ने मानवअधिकार शिक्षा, दलित जनजागरण, हाकाहाकी, असल शासन, अपाङ्ग आवाज, साथीसँग मनका कुरा आदि कार्यक्रमका आ-आफ्ना थुप्रै श्रोता क्लबहरू गठन भएका छन् । त्यस्ता क्लबहरूलाई केही कार्यक्रम उत्पादकले दर्ता गरी प्रमाण पत्रसमेत दिने गरेका छन् । यो चिठीले खोज खबरको पनि श्रोता क्लब भएको देखाए पनि कार्यक्रम उत्पादकहरूले त्यस्ता क्लबहरूलाई दर्ता गर्ने वा तिनको व्यवस्थित रेकर्ड राख्ने गरेको पाइएन ।

[८] १६ भदौ २०५४ मा खोजखबरमा प्रसारित टेलिफोन जिज्ञासा ।

खोज खबरले दैनिक दर्जनौं चिठीहरू र केही टेलिफोन प्रतिक्रियाहरू पाउने गरेको थियो । यस्ता पत्रहरूले एकातिर सञ्चालकहरूमा हौसला प्रदान गर्दथ्यो भने अर्कोतिर कार्यक्रमलाई सुधार गर्दै लैजान बल पुऱ्याउँथ्यो । उल्लिखित पत्रहरूमध्ये पहिलोले कार्यक्रम सुनेपछि आफ्नो हक अधिकारका लागि आवाज उठाउन श्रोता प्रेरित भएको देखिन्छ । दोस्रो पत्रले सञ्चालकहरू सामु जिज्ञासा राख्दै कार्यक्रममा समेट्नुपर्ने विषयवस्तुबारे मार्गनिर्देश गरेको छ । यो लगायत सम्पत्तिमा महिला अधिकारबारे धेरै पत्रहरू प्राप्त भएपछि विधेयकको पक्ष र विपक्षमा रहेका कानूनविद् तथा सर्वसाधारणको आवाजलाई समेटिएको सङ्गीता लामाको विस्तृत रिपोर्ट असोज १९, २० र २१ गते प्रसारण गरिएको थियो ।

तेस्रो प्रतिक्रियामा श्रोताले आफ्नो क्षेत्रको बजेट र विकास निर्माणबारे चासोखाँचो लिएर जानकारी दिन अनुरोध गरेको छ । कार्यक्रममा एक दुई ठाउँ/जिल्लाको बजेटबारे विश्लेषण गर्दै श्रोताहरूलाई आफ्नो ठाउँको विकास निर्माण प्रकृयामा ध्यान दिन आग्रह गरेपछि यस्ता जिज्ञासाको बाढी नै लागेको थियो । आफ्नो जिल्लाको बजेट विनियोजनसम्बन्धी जानकारीसम्बन्धित जिल्ला विकास समिति (जिविस)मा गएर सोध्न सकिन्छ र सबैले सोध्नु पनि पर्छ भनेर कार्यक्रममा प्रसारण गरेपछि कैयौं जिल्लाका जिविसमा गएर श्रोताहरूले बजेट

विनियोजनबारे जानकारी माग गरेको गोपाल गुरागाईं बताउनु हुन्छ । गुल्मीका तत्कालीन जिविस सभापति कौशल पोखरेलले त गुरागाईंलाई फोन गरेर गुनासो गर्नुभएको थियो: “यहाँ जनताहरूले केरकार गरेर हैरान पारिसके । रातो किताब हेरेर तपाइँहरू विश्लेषण गरिदिनुहुन्छ । यहाँ जनताहरू त्यो विषयमा छुट्ट्याइएको रकम कहाँ गयो भनेर सोध्छन् । रातो किताबमा लेखिएअनुसार जिल्लामा बजेट कहाँ आउँछ र ?”

खासगरी कुनै घटना प्रसारण भएपछि त्यसप्रति श्रोताहरू बढी संवेदनशील भएको पाइन्छ । मङ्सिर १५ गतेको कार्यक्रममा छोरी पाएको निहुँमा महिलामाथि भएको उत्पीडनसम्बन्धी सामग्री होस् अथवा भक्तपुरका रामभक्त कोइराला (सार्की)ले चिप्लिएर इनार छोएको निहुँमा कुटाइ खाएको सम्बन्धी मङ्सिर २३ गते प्रसारित रिपोर्ट होस्, श्रोताहरूले उत्तिकै प्रतिक्रिया र जिज्ञासा व्यक्त गरेका छन् । घरेलु हिंसा अथवा दलित उत्पीडनविरुद्धका यस्ता रिपोर्टले ती सामाजिक मुद्दाहरूप्रति मानिसहरूलाई संवेदनशील तुल्याएको पाइन्छ । प्रसारित कार्यक्रमहरूलाई ‘कोट’ गरेर अथवा नगरिकनै त्यस्ता विषयमा चासो र चिन्ता व्यक्त गरिएका थुप्रै पत्रहरू खोज खबरलाई प्राप्त भएका छन् । त्यस्तो सामाजिक अपराध गर्नेलाई कार्वाही गर्न कानूनमा गरिएको व्यवस्थाबारे कतिपयले सोधखोज गरेका छन् भने कतिपयले उत्पीडकलाई कार्वाही भयो-भएन भन्ने प्रश्न गरेका छन् । केहीले आफ्नो छरछिमेकमा भैरहेका त्यस्तै शोषण, दमनबारे लेखेका छन् । यीलगायत जाँडरक्सीविरोधी आन्दोलन, वैदेशिक रोजगारमा गएका र खासगरी भारतमा बस्ने नेपालीहरूमाथि भएका श्रम शोषणसम्बन्धी विषय, उपभोक्ता हकअधिकारसम्बन्धी आन्दोलन, बाल अधिकार र बाल श्रमबारेका विषयमा पनि सामग्री प्रसारण गर्न आग्रह गर्दै र प्रसारित सामग्रीमाथि प्रतिक्रिया व्यक्त गर्दै थुप्रै पत्रहरू प्राप्त भएका छन् ।

महिला आन्दोलन, रक्सी विरोधी आन्दोलन, उपभोक्ता हक, आदि विषयहरूमा श्रोताहरूले देखाएको रुचिअनुरूप नै खोज खबरमा पनि ती विषयले यथेष्ट स्थान पाएका छन् । तर त्यतिकै रुचि दर्शाइएका बाल अधिकार, दलित, उत्पीडित तथा विदेशमा बस्ने नेपाली

आदि सवालहरू उत्तिकै समेटिन सकेको देखिँदैन । रुकुम, रोल्पा, पर्वत, दैलेख जस्ता ठाउँहरूबाट त्यहाँ भैरहेको दलित उत्पीडनबारे प्रशस्त चिठीहरू आएका थिए । सम्भवतः आर्थिक हिसाबले सक्षम हुन नसक्दा जनशक्तिको अभाव र भौगोलिक विकटताले गर्दा कार्यक्रमले ती स्थानका समस्याबारे रिपोर्टिङ गर्न सकेन ।

माथिका उदाहरणले समाजमा केही सकारात्मक प्रभाव पारेको सङ्केत गर्दछ । तर व्यवहारिक रूपमा समाज अगाडि बढेको उदाहरण दिएर त्यसमा एउटा कार्यक्रमले कति असर पुऱ्यायो भन्ने किटानी गर्नु निकै कठिन कार्य हो किनकि त्यहाँ थुप्रै अन्य तत्वहरूले पनि सँगै प्रभाव पारिरहेका हुन्छन् । त्यसबाहेक कतिपय विषय यस्ता छन् जसमाथि खासै 'रेस्पोन्स' जनाइन्नन् । त्यस्ता सामग्रीको प्रभावकारिता-बारे खासै केही भन्न सकिन्न । उदाहरणका लागि खोज खबरले प्रसारित गरेका थुप्रै विषय मध्ये कृषिसँग सम्बन्धित सामग्रीले निकै थोरै प्रतिक्रिया निम्त्याए जबकि तालिकाबाट सोही विषयमा सबैभन्दा धेरै रिपोर्ट प्रसारण भएको देखिन्छ । यसलाई हेर्दा कार्यक्रम र श्रोताको इच्छामा कताकता तालमेल नमिलेजस्तो पनि देखिन्छ । एक हिसाबले हेर्ने हो भने श्रोताले कम प्रतिक्रिया व्यक्त गरेको विषयले कम प्राथमिकता पाउनुपर्ने हो । तर विषयवस्तु चयनमा श्रोताको रोजाइ एउटा पक्ष हुनसक्छ, सबै होइन । हुनसक्छ कृषिसम्बन्धी विषय रुचाउने या आवश्यक पर्ने धेरैसँग चिठी लेख्ने जोश जाँगर छैन या उनीहरू कम पढे-लेखेका छन् । नेपाल कृषि प्रधान देश भएका कारण कृषिलाई जोड दिइएको गोपाल गुरागाईंको तर्क छ । खोज खबरमा दातृ संस्था जीटीजेडले सञ्चालन गरिरहेको सानाकिसान विकास आयोजनासम्बन्धी सामग्री धेरै भएका कारण यसमा 'डोनर'को भूमिका छैन भन्न सकिन्न ।

कार्यक्रममा श्रोता सहभागितालाई भौगोलिक आधारमा पनि विश्लेषण गर्न सकिन्छ । नेपालको पूर्वी र पश्चिमी पहाडी भेगका श्रोताहरूबाट कार्यक्रममा धेरै पत्रहरू प्राप्त भएका छन् । तुलनात्मक रूपमा काठमाडौं र

तराई क्षेत्रबाट निकै कम चिठीहरू पठाइएका छन् । श्रोताहरूले कार्यक्रममा पत्र नपठाउनुमा धेरैवटा कारण हुन सक्छन्: कार्यक्रम नसुन्नु; कार्यक्रम सुनेर पनि पत्र लेख्न नचाहनु; पत्र लेख्न चाहेर पनि अनुकूल नमिल्नु । यीबाहेक अरू कारण पनि हुन सक्छन्– रेडियो नहुनु; राम्ररी नसुनिनु (रेडियो नेपालको प्राविधिक प्रसारण पहुँच); अन्य प्रसारण माध्यमको बढी प्रभाव हुनु; कार्यक्रमको भाषा नबुझ्नु; आदि । कार्यक्रमको विषयवस्तुले श्रोतालाई नघोचेर वा अल्छी लागेका कारण पत्र लेख्न नचाहेको पनि हुनसक्छ । हुलाकको समस्या; खाम र हुलाक टिकट किन्ने आर्थिक हैसियत वा चिट्ठी लेख्ने समय र साक्षरता नभएका कारण चाहेर पनि चिठी लेख्न नसकेको हुनसक्छ ।

काठमाडौंको सवाललाई हेर्ने हो भने रेडियो नेपालको तुलनामा नेपाली तथा विदेशी टेलिभिजन च्यानलको बढ्दो प्रभाव एउटा कारण हुनसक्छ । त्यस्तै दुईवटा एफएम–रेडियो सगरमाथा र रेडियो नेपाल एफएम–ले पनि त्यतिबेला आफ्नो प्रसारण शुरु गरिसकेका थिए । समयको अभाव, ग्रामीण विषयवस्तु बढी समेटिएका कारण रुचि नहुनु आदि कारणले पनि यहाँका बासिन्दाले कार्यक्रम नसुनेको हुनसक्छ । तराईको सवालमा भने कार्यक्रमले प्रयोग गर्ने नेपाली भाषा नबुझ्ने, भारतीय रेडियो (अल इण्डिया रेडियो) तथा नेपाली र भारतीय टेलिभिजनको प्रभाव आदि कारणले गर्दा रेडियो नेपालको प्रभाव तराईमा कम रहेको छ भन्न सकिन्छ ।

नेपालका प्रायः पहाडी जिल्लाहरूमा खोज खबर प्रसारण हुने समयमा रेडियो नेपालबाहेक अन्य विकल्प थिएन भन्दा पनि हुन्छ । अधिकांश भू-भागमा विद्युत नपुगेका कारण टेलिभिजनको पहुँच त्यहाँ पुग्न सकेको थिएन र अझै पनि पुगेको छैन । न त अहिले जस्तो ठाउँ ठाउँमा एफएम स्टेशन नै खुलेका थिए । तसर्थ ती क्षेत्रमा रेडियो नेपालको प्रभाव बढी नै थियो र त्यसैले गर्दा कार्यक्रमले पनि आफ्नो प्रभाव पार्न सफल भयो ।

गोपाल गुरागाईं तराईबाट कम पत्र आउनुमा भाषागत समस्या, अन्य प्रसारण माध्यमको प्रभावका साथसाथै, रेडियो नेपालको प्रसारण गुणस्तर पनि नराम्रो हुनु हो भन्नुहुन्छ । रेडियो नेपालले आफ्नो दुई फ्रिक्वेन्सीमध्ये शर्टवेभ-मार्फत अधिराज्यका सबै तथा मिडियम वेभमार्फत अधिराज्यका ७०-८० प्रतिशत जनतामा आफ्नो प्रसारण पुग्ने दाबी गर्छ । रेडियो नेपालद्वारा २०५४ असोजमा प्रकाशित राष्ट्रिय श्रोता सर्वेक्षण प्रतिवेदनलाई आधार मान्ने हो भने पहाड-भन्दा तराई भेगमै रेडियो नेपालको प्रसारण बढी स्पष्ट सुनिने गरेको छ (माउङ्ग र घिमिरे सन् १९९७) । प्रतिवेदनअनुसार अन्तर्वार्तामा सम्मिलितमध्ये तराई भेगका ८३ प्रतिशतले र पहाडी भेगका ८० प्रतिशतले रेडियो नेपालको प्रसारण साधारणतया स्पष्ट रहेको बताएका थिए । साथै, भारतको आसाम, उत्तर प्रदेश, हरियाणा, पश्चिम बङ्गाल र आन्ध्र प्रदेशजस्ता राज्यमा कार्यरत नेपाली तथा मलेशियामा कार्यरत नेपालीबाट समेत खोज खबरमा प्रतिक्रिया र जिज्ञासा

प्राप्त भएका छन् । यसले गुरागाईंको 'प्रसारण गुणस्तर नराम्रो भएको कारण' भन्ने तर्कलाई एक हदसम्म काट्छ ।

## आर्थिक पक्ष

खोज खबर कार्यक्रम सञ्चालनका लागि रेडियो नेपाल र सङ्गीता लामाबीच ६ महिनाको सम्झौता भएको थियो । लामाले दैनिक १५ मिनेटको कार्यक्रम उत्पादन गर्नुपर्ने र त्यसबापत रेडियो नेपालले मासिक २५ हजार रुपियाँ प्रदान गर्ने सहमति थियो । खोज खबर जस्तो खोजमूलक कार्यक्रम एक जनाले मात्र सञ्चालन गर्न सम्भव थिएन । त्यसो त रेडियो नेपालले लिखितमा एक जनासँग मात्र सम्झौता गरे पनि खोज खबरका पछाडि एउटा टीम नै लागि-परेको थियो । ग्रामीण समुदायका विभिन्न मुद्दामा केन्द्रित रही कार्यक्रम निर्माण गर्नका लागि प्रमुख चुनौती 'अर्थ'कै थियो । रेडियोले सम्झौता बमोजिमको रकमबाहेक अन्य कुनै सुविधा दिएको थिएन । १५ मिनेटको कार्यक्रमको लागि आधा/एक घण्टा रेकर्ड गर्ने समयबाहेक सम्पूर्ण कार्य रेडियो नेपालबाहिरै तयार गर्नुपर्ने बाध्यता थियो । सञ्चालक/पत्रकारहरू बसेर काम गर्नको लागि छुट्टै कार्यालय र टेलिफोन आदिको व्यवस्था आफैँले गर्नुपरेको थियो । एकजना सञ्चालकको लागि उपलब्ध गराइएको रकमले महिनाको सरदर २५ दिनको कार्यक्रम उत्पादन गर्नु पक्कै पनि सजिलो कुरा थिएन ।

रेडियोले प्रदान गर्ने रकममध्ये करिब २० हजार पारिश्रमिकको रूपमा बाँडिन्थ्यो । खोज खबरको कोर टीममा रहेका ४ जनामध्ये गोपाल गुरागाईंले मासिक ३,५०० रुपियाँ र बाँकी तीन सदस्यले मासिक ३-३ हजार रुपियाँ पारिश्रमिक स्वरूप पाउँथे । कोर टीमबाहिरका अरू ६ जना सदस्यलगायत खोज खबरमा बेला-बेलामा सामग्री पठाउने अन्य पत्रकारहरूलाई कामको आधारमा दिइने पारिश्रमिक सबै जोड्दा मासिक सरदर ७,५०० रुपियाँ अरू खर्च हुन्थ्यो । पारिश्रमिक कटाएर बँच्ने पाँच हजारले कार्यालय भाडा, बिजुली, टेलिफोनलगायत अन्य खर्च धान्नु पर्थ्यो । रिपोर्टिङका लागि जतासुकै जानुपरे पनि त्यसमा लाग्ने यातायातलगायत खाने-बस्ने सम्पूर्ण खर्च रिपोर्टरले नै बेहोर्नु पर्थ्यो ।

खोज खबरमा कार्यरतमध्ये प्रायः पत्रपत्रिकामा पनि काम गरिरहेका हुनाले पत्रपत्रिकाको लागि सङ्कलित सामग्रीबाट अथवा सो सामग्री सङ्कलन क्रममा नै खोज खबरका लागि पनि सामग्री तयार गरिन्थ्यो, कतिपय अवस्थामा । टेप रेकर्डरलगायत अन्य सामग्रीहरू पनि व्यक्तिहरू आफैँसँग हुन्थ्यो । व्यक्तिगत कामविशेषले कहीँकतै जाँदा पनि खोज खबरका लागि केही भेट्टिइहाल्छ कि भनेर पत्रकारहरू चनाखो रहन्थे । 'उकाली ओराली'को उत्पादनले पनि खोज

खबरलाई धेरै सघाएको थियो । यस प्रकार खोज खबरले विभिन्न कोणबाट आर्थिक भार घटाउँदै कम खर्चमा कार्यक्रम उत्पादन गर्दै आएको थियो ।

### खोज खबरको अवसान

खोज खबर सञ्चालनको सातौँ महिनाको अन्तिम दिन (पुस २९ गते) सञ्चालक गोपाल गुरागाईंले "आज हामी खोज खबर रेडियो पत्रिकाको अन्तिम र बिदाइ कार्यक्रम लिएर आएका छौँ" भन्दा कार्यक्रमका हजारौँ श्रोता र शुभचिन्तकहरू मात्र चित खाएनन्, स्वयं सञ्चालकहरूका लागि पनि त्यो स्थिति अपर्झट एवं अप्रत्याशित थियो । दुर्गा कार्की र सङ्गीता मरहट्टा रोजगार प्रवर्द्धन आयोग-बारेको सामग्री तथा कार्पेट कारखानामा काम गर्ने मजदुरका कथा र व्यथा त्यही दिनको कार्यक्रमको लागि तयार पारी खोज खबरको कार्यालय पुगेका थिए । त्यहाँ पुगेपछि मात्र उनी-हरूले थाहा पाए खोज खबरको अन्तिम दिन हो त्यो भनेर । गुरागाईंको आग्रहमा आफ्ना रिपोर्टहरू-लाई थाँती राखेर उनीहरू खोज खबरमा काम गर्दाका अनुभव सुनाउन तयार भए । पशुपतिमा दर्शन गर्न आउने तीर्थयात्रीको समस्याबारे रिपोर्ट लिएर कार्यालय प्रवेश गरेका प्रदीप कार्कीले आफ्नो अन्तिम रिपोर्ट पनि संयोगवश आर्यघाटमा सर्वसाधारणले ठगिनुपर्ने बाध्यता-सम्बन्धी हुनपुगेको बिदाइ कार्यक्रममा बताएका थिए ।

१८७ औँ शृङ्खला प्रसारणपछि सबैलाई अचम्म तुल्याउँदै खोज खबरको अवसान भयो । तर लोकप्रिय यो कार्यक्रम किन बन्द गरियो भन्ने अझैसम्म पनि पत्ता नपाएको खोज खबरका सञ्चालकहरू गोपाल गुरागाईं, मण्टेश्वरी राजभण्डारी तथा सङ्गीता लामा बताउँछन् । "कार्यक्रम पुस मसान्तसम्म मात्र सञ्चालन हुने जानकारी पुसको अन्तिम दिनमात्र रेडियो नेपालबाट प्राप्त भयो तर कारण भने केही खुलाइएन," भन्नुहुन्छ गुरागाईं । तर यो कार्यक्रम बन्द गरिनुमा सरकारको दलीय समीकरणमा आएको परिवर्तन नै जिम्मेवार थियो भन्ने आधार छन् । २०५४ असोजको अन्तिम साता राप्रपा, एमाले, सद्भावनाको

संयुक्त सरकार भङ्ग भई राप्रपा, नेपाली कांग्रेस र सद्भावनाको संयुक्त सरकार गठन भएको करीब तीन महिनापछि यो कार्यक्रम बन्द भएको थियो । बन्द हुनुभन्दा एक महिनाअगाडि, मङ्सिरमा, खोज खबरको ६ महिने करारअवधि सकिएको थियो । रेडियोको व्यवस्थापनले थप एक महिनाको लागि सम्झौता नवीकरण गऱ्यो र अर्को पटक ६ महिनाको लागि नवीकरण गरिने आश्वासन दियो । तर त्यसो भएन ।

नयाँ मन्त्रीले नातेदार अथवा कार्यकर्तालाई आफ्नो मन्त्रालयमातहतका निकायहरूमा भर्ती गर्ने चलन यथेष्ट पाइन्छ । सरकार परिवर्तनपछि आएका नयाँ सञ्चारमन्त्री जयप्रकाश गुप्ता त्यस्ता काममा अरूभन्दा बढी माहिर थिए । गुप्ताले सिफारिस गरेका तीन जनालाई खोज खबर टीममा संलग्न गराउनुपर्ने प्रस्ताव गोपाल गुरागाईं समक्ष पठाइयो । तर खोज खबरका अन्य पत्रकार सरह पारिश्रमिक लिई त्यत्तिकै खटेर काम गर्न सके समावेश गराउने जवाफ ती तीन जनाले मानेनन् र टीममा सामेल भएनन् । कार्यक्रम बन्द गरिनुको एउटा मुख्य कारण यो हुनसक्ने गुरागाईंको कथन थियो ।

कुनै पूर्वजानकारी र कारण नखुलाई रेडियो नेपालले खोज खबर बन्द गर्ने पत्र थमाएपछि कार्यक्रम सञ्चालकहरूले विज्ञप्ति प्रकाशन गरेका थिए । सोही विज्ञप्तिलाई आधार बनाई केही पत्रिकाले समाचार प्रकाशन गरे (आजको समाचारपत्र २०५४, प्रतिपक्ष २०५४) । अङ्ग्रेजी दैनिक *द काठमाण्डू पोष्ट*का स्तम्भकार प्रत्यूष वन्तको कार्यक्रमको पक्षमा एउटा लेख छापिएको थियो (वन्त सन् १९९८) । नेपालीहरूको जीवनपद्धति, जनजीविका र उनीहरूको भविष्यबारे सरोकार राख्ने तथा रेडियो नेपालबाट प्रसारित हुनेमध्ये बिल्कुलै नवीन शैलीको कार्यक्रम हठात् बन्द गरिएकोमा लेखमा असन्तुष्टि व्यक्त गरिएको थियो । त्यसको लगत्तै 'खोज खबरबारेको एउटा खबर' शीर्षकमा *नव सुरुचि* साप्ताहिकमा एउटा टिप्पणीमूलक समाचार छापियो (नव सुरुचि २०५४) । समाचारमा नेकपा एमालेले सरकारी सञ्चारमाध्यमको दुरुपयोग गरी आफ्नो पार्टीको गतिविधि खोज खबरमार्फत घुमाउरो पाराले प्रसारण गरेको आरोप लगाइएको थियो । *नव सुरुचि*को सो समाचारप्रति आपत्ति प्रकट गर्दै खोज खबरको सञ्चालक समूहकी सदस्य हरिकला अधिकारीले प्रेषित गरेको चिठी सो पत्रिकाको लगत्तैको अङ्कमा छापिएको थियो । अधिकारीले आफूलाई "वामपन्थी रुझान भएको एन.जी.ओ.वादी पत्रकार" भनिएकोमा आश्चर्य प्रकट गर्दै खोज खबर कार्यक्रमबाट आफूलाई पत्रकारिता जीवनमै सबभन्दा बढी सन्तुष्टि मिलेको उल्लेख गर्नु भएको थियो (अधिकारी २०५४) ।[९]

---

[९] करिब चार वर्षपछि *राजधानी* दैनिकमा गोपाल गुरागाईंको 'कुरा हाकाहाकी' शीर्षकमा एउटा लेख छापिएको थियो (गुरागाईं २०५८) । खासगरी हाकाहाकी रेडियो पत्रिकाका विभिन्न पाटाहरूबारे विश्लेषण गरिएको सो लेखमा खोज खबरको पनि छोटो चर्चा गरिएको छ । खोज खबर शुरु गरिएको

दलगत राजनीतिसम्बन्धी सामग्रीहरू प्रसारण नगरेको तथा श्रोताहरूबाट थुप्रै माया र स्नेह पाएको यस कार्यक्रमलाई बन्द गर्न तत्कालीन सरकारका लागि पनि सजिलो थिएन । त्यसैले सरकार परिवर्तनपछि पनि तीन महिना अरू चल्न दिइयो । अन्ततः त्यसको ठाउँमा अर्को आकर्षक कार्यक्रम प्रसारण गर्ने आश्वासन श्रोताहरूलाई बाँडेर खोज खबर रेडियो पत्रिका बन्द गरियो । खोज खबर बन्द भइसकेपछि त्रिभुवन विश्वविद्यालय मनोविज्ञान विभागका सह-प्राध्यापक तीर्थराज लुईंटेलले बन्द हुनको कारण र त्यस्तै अर्को कार्यक्रम राख्ने योजना छ कि ? भन्ने प्रश्न गरेका थिए, *कान्तिपुर* दैनिकको गुनासो र जवाफ स्तम्भमार्फत । जवाफमा रेडियो नेपालका कार्यकारी निर्देशक मुकुन्द आचार्यले 'विभिन्न कारणहरू' रहेको बताउँदै त्यसको सट्टा आकर्षक कार्यक्रम राख्ने बताएका थिए (कान्तिपुर २०५४) । त्यो विभिन्न कारण भनेको के हो भन्ने जवाफबाट खुल्दैन ।

समग्रमा भन्नुपर्दा एउटा राजनीतिक दलको सत्तारोहणसँगै रेडियो नेपालमा प्रवेश गरेको कार्यक्रम–खोज खबर–सम्पूर्ण नेपाली जनता र राष्ट्रको विकास-सम्बन्धी निष्पक्ष बहस गर्दागर्दै अर्को दलीय समीकरणसहितको सरकार बनेपछि राजनीतिक पूर्वाग्रहकै कारण रेडियो नेपालबाट बाहिरियो ।

## खोज खबरको प्रभाव

खोज खबर छोटो समयमै आफ्नो छाप छाड्न सफल भएको थियो । खोज खबरबाट प्रसारित विषयवस्तुहरूले पारेको प्रभावबारे यसअघि सामान्य चर्चा गरिसकिएको छ । त्यसबाहेक, रेडियो नेपालमा अन्य कार्यक्रम सञ्चालन गर्ने पत्रकारहरू सामु पनि कार्यक्रमको ढाँचामा पुनर्विचार गर्नुपर्ने चुनौती यसले ल्याइदियो । खोज खबरको प्रभाव रेडियो नेपालबाट त्यतिबेलै बज्दै गरेका र पछिल्ला दिनमा त्यहाँबाट प्रसारण हुने अन्य कार्यक्रममा महसुस गर्न सकिन्छ । खोज खबरको प्रभावको कुरा गर्दा कार्यक्रम सञ्चालनमा संलग्न पत्रकार-हरूको पेशागत विकासमा पारेको प्रभावलाई पनि छाड्न मिल्दैन ।

जनताका बस्तीहरूमा गएर तिनका आवाज बटुली प्रसारण गर्ने चलन रेडियो नेपालका कार्यक्रममा पहिले थिएन । खोज खबरले सो शैली अपनाएकै कारण कार्यक्रम लोकप्रिय बन्यो र प्रभावकारिता पनि बढ्यो । खोज खबरको शैलीको छाप त्यसै समयमा प्रसारित 'दलित जनजागरण'[१०] तथा 'दिदी बहिनी' जस्ता कार्यक्रमहरूमा पनि पऱ्यो र तिनमा थोरै मात्रामा भए पनि दलित तथा

---

प्रसङ्ग, सञ्चालनका क्रममा विभिन्न क्षेत्रबाट पाएको सहयोग तथा कार्यक्रम अचानक बन्द गरिएको प्रसङ्ग लेखमा छ । खोज खबरलाई निरन्तरता दिन हाकाहाकी शुरु गरिएको गुरागाईंको सो लेखमा बताइएको छ (हेर्नुहोस् पृ. १४८) ।

[१०] दलित जनजागरण दलित सेवा सङ्घले सञ्चालन गर्दै आएको छ ।

महिला (प्रस्तोता बाहेक)का स्वरहरू गुञ्जन थाले । खोज खबर बन्द गरिएको केही समयपछि रेडियो नेपालले 'हाम्रो गाउँघर' कार्यक्रम प्रसारण गरेको थियो । खासगरी खोज खबरको प्रसारण बन्द गरिएपछि त्यसप्रति श्रोताहरूले असन्तुष्टि व्यक्त गरेका थिए र त्यसैलाई साम्य गर्न उक्त कार्यक्रम शुरु गरिएको देखिन्छ । 'हाम्रो गाउँघर' पनि विकासमूलक सामग्री समेट्ने कार्यक्रमको रूपमा खोज खबरमा जस्तै करारमा सञ्चालक नियुक्त गरी सञ्चालन गरिएको थियो । खोज खबरकै शैलीलाई यसले पछ्याएको थियो ।

त्यसबाहेक केही समयपछि देखि रेडियो नेपालमा बज्न थालेको 'हाकाहाकी' कार्यक्रम त खोज खबर बन्द हुनुकै परिणाम थियो भन्न सकिन्छ । खोज खबर प्रसारणबाट उत्साहित केही सञ्चालकहरू त्यस्तै कार्यक्रम पुनः चलाउन पाए हुन्थ्यो भन्ने सोचाइमा थिए । सोही क्रममा विकास सञ्चार केन्द्र, पानोस, युनिसेफ र एक्सन एड जस्ता संस्थाहरूको आर्थिक सहयोगमा कम्युनिकेसन कर्नरले रेडियो नेपालसँग समय किनेर 'हाकाहाकी' प्रसारण गरेको थियो । यो कार्यक्रम धेरै हदसम्म खोज खबरकै अर्को रूप थियो । २०५६ भदौ १३ देखि रेडियो नेपालबाट प्रसारण हुन थालेको साप्ताहिक कार्यक्रम 'असल शासन'मा पनि गामबेसीकाहरूको आवाज प्रशस्तै समेटिएको पाइन्छ । जनहित संरक्षण मञ्च (प्रो पब्लिक)ले उत्पादन गर्ने यो कार्यक्रमको प्रमुख विषयवस्तु समाजमा व्याप्त भ्रष्टाचार, अनियमितता, आदि हुन् । नागरिकले भोगेका समस्या, सुख-दुःख, प्रगति उनीहरूकै स्वरमा प्रसारण गर्दा त्यो बढी प्रभावी र लोकप्रिय हुने रहेछ भन्ने खोज खबरले देखायो । र, अहिले त्यही गोरेटोमा धेरै जना हिँडिरहेका भेटिन्छन् । यो नै खोज खबरको सफलता हो ।

खोज खबरमा काम गरेर रेडियो पत्रकारिताको नयाँ वा थप अनुभव सँगालेका पत्रकारमध्ये प्रायःले उक्त अनुभवको सदुपयोग गर्दै रेडियो पत्रकारिता-लाई निरन्तरता दिएका छन् । खोज खबर टीमका १० मध्ये रामप्रसाद हुमागाईं र सङ्गीता लामा तत्काल कुनै रेडियो प्रसारणसँग संलग्न भएनन् तर बाँकी ८ भने रेडियो क्षेत्रमै लागिपरे । गोपाल गुरागाईं, मण्टेश्वरी राजभण्डारी, हरिकला अधिकारी, हेमलता राई, विनय गुरागाईं र प्रदीप कार्की कम्युनिकेसन कर्नरसँग आबद्ध भई हाकाहाकी रेडियो पत्रिका उत्पादनमा लागे । खोज खबर बन्द भएको एक वर्षपछि अर्थात् २०५५ माघ ३ गतेदेखि रेडियो नेपालबाट प्रसारण शुरु भएको हाकाहाकी २०५९ साउनदेखि बन्द भयो । सङ्गीता मरहट्ठा र दुर्गा कार्की रेडियो सगरमाथामा पूरा समय संलग्न भए । सङ्गीता लामा छापा पत्रकारितामै फर्कनु भयो र पछिल्ला दिनमा रेडियो नेपाल र युनिसेफ-द्वारा उत्पादित 'साथीसँग मनका कुरा'को 'स्क्रिप्ट' लेखनमा संलग्न हुनुहुन्छ । यो लेख तयार गर्दाको समय (२०६० जेठमा) विनय गुरागाईं सुनसरीस्थित सप्तकोशी एफएममा कार्यरत हुनुहुन्छ भने प्रदीप कार्की सामुदायिक सञ्चार अध्ययनका लागि विदेशमा हुनुहुन्छ । सङ्गीता मरहट्ठा बीबीसी नेपाली सेवामा

आंशिक समय कार्यरत हुनुहुन्छ । त्यस्तै, गोपाल गुरागाईं र मण्टेश्वरी राजभण्डारी कम्युनिकेसन कर्नरमै रही विभिन्न रेडियो कार्यक्रमहरू उत्पादन गर्दै आउनुभएको छ । कम्युनिकेसन कर्नरद्वारा उत्पादित 'काया कैरन', 'खोज खबर'[११] तथा 'कुरा खस्रा मीठा' जस्ता कार्यक्रमहरू रेडियो नेपालका साथै उपत्यकाभित्र र बाहिरका विभिन्न एफएमहरूले प्रसारण गर्ने गरेका छन् ।

## निष्कर्ष

"खोज खबर सुनाउनु भएकोमा धेरै धेरै धन्यवाद !" पत्रकार प्रदीप कार्की खोज खबरका लागि सामग्री सङ्कलनको क्रममा विराटनगर पुग्दा तेह्रथुम स्थायी घर भएकी ६१ वर्षीय देवमाया गुरुङद्वारा व्यक्त उद्गार हो यो । सञ्चालकहरूले कार्यक्रमको बिट मार्न प्रयोग गर्ने वाक्य "खोज खबर सुनिदिनु भएकोमा धेरै धेरै धन्यवाद" उस्तै शैलीमा प्रयोग गरेर गुरुङले खोज खबरका पत्रकार कार्कीप्रति आभार व्यक्त गरेकी थिइन् । वृद्धा गुरुङमात्र होइन स्कूले बालबालिकाहरूले पनि खोज खबरमाथि प्रतिक्रिया जनाउँदै थुप्रै चिठीहरू लेख्थे जसले कार्यक्रम बालकदेखि वृद्धसम्ममा लोकप्रिय थियो भन्ने देखाउँछ । पूर्व इलामदेखि पश्चिम हुम्ला, जुम्लासम्म र भारत तथा मलेशियामा रहेका नेपालीहरू समेतले खोज खबरलाई माया गर्दै पत्रहरू पठाउँथे ।

खोज खबरलाई श्रोताहरूले मन पराउनुको एउटा कारण उनीहरूले त्यहाँ आफ्नै सुख, दुःख, हाँसो र पीडा मुखरित भएको पाउनु हो । आफ्नै बोली पाउँथे उनीहरू त्यहाँ । तर त्यही रेडियो नेपालबाट त्यतिखेर बज्ने अरू कार्यक्रमहरूमा श्रोताहरूलाई त्यो अवसर प्राप्त थिएन । तिनमा ठूला-ठालुका आवाज र सञ्चालकहरूका अर्ती-उपदेश नै बढी समेटिन्थे ।

छोरीमात्र पाएको निहुँमा पारिवारिक उत्पीडनमा परेका, बोक्सीको आरोपमा दिसा खुवाएर सताइएका, जँडचाहा लोग्नेबाट मरणासन्न हुनेगरी कुटाइ खाएका महिलाहरूदेखि असहाय र अनाथको सेवा गर्ने उद्देश्यले प्रेरित भई मदर टेरेसाको उत्तराधिकारी बन्न सफल सिस्टर निर्मलासम्मका कथा र व्यथा निजहरूकै बोली, भाकासहित खोज खबरबाट प्रसारित भयो । पैतृक सम्पत्तिमा महिलाको समान पहुँच हुनुपर्छ भन्ने कुरालाई जोडदार रूपमा उठाइयो । 'महिला कार्यक्रम'का नाममा रेडियोबाट बज्ने कार्यक्रममा महिला विभेद, समानता र सशक्तिकरणभन्दा स्वादिष्ट परिकार बनाउने तरिका अथवा महिलाले आफ्नो जीउ र अनुहार

---

[११] २०६० वैशाखदेखि खोज खबरकै नामबाट कम्युनिकेसन कर्नरले नयाँ कार्यक्रम सञ्चालन गर्न थालको छ । पहिलेको खोज खबरका कतिपय सामग्रीहरू तथा दूरशिक्षा रेडियो कार्यक्रमअन्तर्गत केही समय पहिले रेडियो नेपालबाट प्रसारित घाँटी हेरी हाड निलौं नाटक शृङ्खला पनि यसमा समावेश गरिएको छ । ३० मिनेटको यो कार्यक्रम हप्तामा २ दिन प्रसारण हुन्छ । खोज खबर र कुरा खस्रा मीठा स्याटेलाइटमार्फत प्रसारण हुन्छ ।

सुन्दर राख्न अपनाउनु पर्ने उपाय वा सजगताजस्ता सामग्री प्रसारण भैरहेको (बस्नेत २०५६) अवस्थामा खोज खबरले आफूलाई महिला हक-हितका पक्षमा उभ्याएको थियो । महिला सवालमा मात्र होइन थुप्रै सामाजिक सवालहरूमा खोज खबरले आफूलाई अन्य कार्यक्रमभन्दा पृथक राखेको थियो– चाहे त्यो सामाजिक मुद्दा चयन गर्नमा होस् या त्यसमा लिइने अडानमा होस् अथवा ती मुद्दाको प्रस्तुतिमा होस् ।

आफूलाई चोखा जातका हौं भन्नेहरूबाट हिँड्दै गर्दा चिप्लिएर इनार छुन पुगेका रामभक्त कोइराला (सार्की)ले खप्नु परेको उत्पीडन र अपमान उनकै आवाजमा खोज खबरले प्रसारण गऱ्यो । त्यो आवाज फगत एउटा व्यक्तिको मात्र थिएन, त्यसले लाखौं उत्पीडित, दलितहरूको आवाजलाई प्रतिनिधित्व गर्दथ्यो । फलस्वरूप कार्यक्रम सुन्ने थुप्रैले रामभक्तको स्वरमा स्वर मिलाए । आफूले भोगेका त्यस्तै हेपाइ र शोषणको उल्लेख गर्दै खोज खबरमा चिठी कोरे ।

समग्रमा भन्दा खोज खबरले मेचीदेखि महाकालीसम्मका गाउँ-बस्ती, पाखा-पखेराका दुःख-सुख, पीडा र हाँसोलाई उद्घाटित गरिदियो । प्रजातन्त्र, विकास, नागरिक अधिकार र दायित्वबारे आँखा खोल्न जनमानसलाई केही मात्रामा भए पनि घच्घच्यायो । महिला हक, अधिकारका पक्षमा तथा जातीय र वर्गीय उत्पीडनविरुद्ध आवाज बुलन्द पार्न आह्वान मात्र गरेन, घरेलु हिंसा तथा जाँड-रक्सीविरोधी आन्दोलन अगाडि बढाउन पनि मद्दत पुऱ्यायो । यसले जनस्वास्थ्य, कृषि, वन तथा लोकसम्पदा संरक्षण गर्न तथा अन्धविश्वासलाई चिर्ने कार्यमा पनि जनतालाई केही मात्रामा सचेत गरायो । समाजमा व्याप्त गरिबी, बेरोजगारी, अशिक्षा, अन्याय र अत्याचार जस्ता कुराहरूबाट समाजलाई मुक्त राख्न नागरिकको भूमिकाबारे पनि सचेत गरायो ।

इच्छा शक्ति हुने हो भने रेडियो नेपालमा पनि खोज खबरजस्तो स्तरीय कार्यक्रम बज्न सक्दो रहेछ भन्ने यसले प्रमाणित गरिदिएको थियो । दैनिक सरदर एक हजार रुपियाँको लागतमा यस्तो कार्यक्रम उत्पादन गर्नु सजिलो थिएन । सञ्चालकहरूको मेहनत, लगनशीलता र केही गरौँ भन्ने भावनाले गर्दा नै यो सम्भव हुन पुगेको थियो । रेडियो नेपालबाट पाइने रकमले उपत्यकाबाट दूर-दराजसम्म गएर सामग्री सङ्कलन गर्न सम्भव नभए पनि केही दातृसंस्था-हरूको सहयोगमा अन्य प्रयोजनका लागि गाउँगाउँमा गई तयार पारिएका सामग्रीहरू खोज खबरमा प्रयोग गरिएका थिए । अथवा त्यस्ता ठाउँहरूमा अन्य कामविशेषले पुग्दा पनि पत्रकारहरू खोज खबरका लागि सामग्री सङ्कलन गरेर ल्याउने गर्दथे । तसर्थ, सामग्री तयार पार्ने क्रममा दातृ संस्थाहरूको अप्रत्यक्ष सहयोग थियो भन्न सकिन्छ ।

खोज खबरको अर्को सबल र सकारात्मक पक्ष भनेको कार्यक्रमलाई दलगत राजनीतिबाट मुक्त राख्नु हो । एउटा राजनीतिक दलमार्फत रेडियो नेपालमा

प्रवेश गरेर पनि कार्यक्रमलाई दलीय भावनाबाट मुक्त राख्न सक्नु र सबैको साझा कार्यक्रमको रूपमा उभ्याउन सक्नु ठूलै उपलब्धि हो । त्यस्तै राजनीतिक नियुक्ति पाएर रेडियो नेपालमा प्रवेश गरेकाहरूद्वारा सञ्चालित 'घटना र विचार', 'चिन्तनको चौतारी', 'परिवेश'जस्ता कार्यक्रमहरू नियुक्ति दिने दलहरुकै भजन गाउन प्रयोग भएको पाइएको छ ।

खोज खबरका यी सकारात्मक पक्षहरूतर्फ आँखा चिम्लिएर यसबारे गरिएका "वामपन्थी रुझानका एन.जी.ओ.वादी पत्रकारहरूद्वारा सञ्चालित", "वामपन्थी पकडका गैरसरकारी संस्थाहरूको गतिविधि प्रचारित हुन्थे", "राजनीतिविहीन कार्यक्रमका नाममा खोज खबरका प्रायोजकहरू सम्भवतः खतरनाक ढङ्गले राजनीति गर्न रुचाउँथे" (नव सुरुचि २०५४) आदि टिप्पणीहरू पूर्वाग्रही छन् भन्न सकिन्छ ।

समग्रमा भन्नुपर्दा रेडियो नेपालको परम्परागत सोचाइ र शैलीलाई चिर्दै खोज खबरले सही रूपमा 'पब्लिक ब्रडकास्टिङ'को परिभाषा दिएको थियो ।

## धन्यवाद

खोज खबरको अनुसन्धानका लागि कार्यक्रमका रेकर्ड, कार्यक्रमलाई प्राप्त श्रोताका चिठीहरू तथा अन्य प्रकाशित/अप्रकाशित सामग्रीहरू उपलब्ध गराइ-दिने कम्युनिकेसन कर्नर तथा कार्यक्रमका विविध पक्षबारे जानकारी दिनुहुने गोपाल गुरागाईं, मण्टेश्वरी राजभण्डारी, सङ्गीता लामा, हरिकला अधिकारी, रघु मैनाली र सुभाषकुमार दर्नाललाई धन्यवाद दिन चाहन्छु । लेखका मस्यौदामा महत्वपूर्ण टिप्पणी र सुझाव दिनुहुने प्रत्यूष वन्त, रमेश पराजुली, शेखर पराजुली, कृष्ण अधिकारी र कोमल भट्टलाई पनि धन्यवाद छ ।

## सन्दर्भ सामग्री

अधिकारी, हरिकला. २०५४. खोज खबरबारे आपत्ति (सम्पादकलाई चिठी). १२ माघ, पृ. ४.

आजको समाचारपत्र. २०५४. खोज खबर बन्द गरिएकोमा आपत्ति. ३ माघ.

कँडेल, कृष्ण. २०५५. प्रजातान्त्रिक संस्कारः सञ्चारमाध्यम र वर्तमान विसङ्गतिहरू. *तरुण,* ४ साउन, पृ. ४.

कान्तिपुर. २०५४. रेडियो नेपालबाट जवाफ पाइन्थ्यो कि ? १२ फागुन, पृ. ९.

गुरागाईं, गोपाल. २०५८. कुरा हाकाहाकी. *राजधानी,* ८ माघ, पृ. ५.

चालिसे, नारायण. २०५४. कार्यक्रम घटना र विचारः पुरुषोत्तमदेखि नरनाथसम्म. *घटना र विचार,* १ जेठ, पृ. ६.

देवकोटा, गृष्मबहादुर. २०२४. नेपालमा रेडियो प्रसारण. *नेपालको छापाखाना र पत्र-पत्रिकाको इतिहास.* काशीबहादुर श्रेष्ठ, संशोधक, पृ. १९४-१९५. काठमाडौंः केशवप्रसाद लम्साल.

नव सुरुचि. २०५४. खोज खबरबारे एउटा खबर. ५ माघ, पृ. ८.
प्रतिपक्ष. २०५४. खोज खबरको खबर. ३ माघ.
प्रेस काउन्सिल नेपाल. २०४९. रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१. *प्रकाशनको दिग्दर्शन* (तृतीय संस्करण), पृ. १२५-१२८. काठमाडौंः प्रेस काउन्सिल नेपाल.
बस्नेत, बबिता. २०५६. रेडियो नेपालः सुन्नेलाई श्रीखण्ड, बुझ्नेलाई काठ. *घटना र विचार,* ८ मङ्सिर, पृ. ३.
भट्टराई, प्रकाश. २०५७. श्रोता क्लब र यसका चुनौतीहरू. *जन-अभियान* १(१): ३.
श्री ५ को सरकार. २०४१. *रेडियो नेपालको सुधार र सुदृढीकरण योजना २०४१.* काठमाडौंः सञ्चार मन्त्रालय र प्रसार विभाग (रेडियो नेपाल).
श्री ५ को सरकार. २०४५. *राष्ट्रिय सञ्चार नीति २०४५.* काठमाडौंः सूचना तथा सञ्चार मन्त्रालय.
श्री ५ को सरकार. २०४९. *राष्ट्रिय सञ्चार नीति २०४९.* काठमाडौंः सूचना तथा सञ्चार मन्त्रालय.
श्रोता क्लब. २०५६. मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब राष्ट्रिय समितिको विधान-२०५५. *श्रोता क्लब* १(१): ८.
Maung, Natalie Aye and Damodar Ghimire. 1997. Quality of Reception. In *Radio Ownership and Listening in Nepal: A National Study*, pp. 52-59. Kathmandu: Audience Research Section, Radio Nepal.
Onta, Pratyoush. 1998. Radio Nepal: Renew *Khoj Khabar*. *The Kathmandu Post*. 16 January, p. 4.

## अनुसूचीहरू

### अनुसूची १ः रेडियो नेपाल र सङ्गीता लामाबीच खोज खबर सञ्चालनका लागि भएको करारनामामा उल्लिखित शर्तहरू ।

१. कार्यक्रम विकास गतिविधिहरूको समाचारमूलक, विश्लेषणात्मक हुनुपर्नेछ र प्रसार गरिने कुनै पनि कुराहरू तथ्यमा आधारित हुनुपर्नेछ ।
२. नेपाल अधिराज्यको संविधानविपरीत श्री ५ को सरकारका नीतिप्रतिकूल तथा रेडियो प्रसार सेवा विकास समितिको नीति नियमावलीविपरीत सामग्रीहरू कार्य-क्रममा समावेश गर्न पाइनेछैन ।
३. बहुदलीय प्रजातन्त्रलाई बढावा दिने, श्री ५ को सरकारको छविलाई राम्रो पार्ने किसिमका सामग्रीहरू कार्यक्रममा समावेश गर्नुपर्ने ।
४. राष्ट्रिय हितको सम्वर्द्धन गर्ने, राष्ट्रियतालाई बढावा दिने कार्यक्रम हुनुपर्ने ।
५. कार्यक्रममा प्रसार गरिने सामग्रीहरू पूर्ण रूपमा निष्पक्ष हुनुपर्ने र सत्ता पक्ष र प्रतिपक्षले उठाएका महत्वपूर्ण विकाससम्बन्धी सवालहरूमा निष्पक्ष रूपले विश्लेषण गरिनुपर्ने ।

६. श्री ५ को सरकारबाट भएका विकास निर्माणका कामहरू जनतालाई सुसूचित गराउने ।
७. राष्ट्रिय उपलब्धिहरूलाई महत्व दिई कार्यक्रममा राख्ने ।
८. कार्यक्रम राजनीतिक समाचारमूलक हुन नदिने ।
९. कार्यक्रम उत्पादन गर्नुअगाडि कार्यक्रममा समावेश गरिने सामग्रीहरूको पूर्ण विवरण कार्यकारी निर्देशकले जानकारी मागेमा दिनुपर्ने र कुनै प्रसारण सामग्रीका विषयमा विवाद उठेमा आपसी छलफलबाट समाधान गरी प्रसारण गरिनुपर्ने ।
१०. साधारणतया यस करारनामाको अवधि करारनामामा दस्तखत भएको मितिले ६ महिना रहनेछ तर कार्यकारी निर्देशकले आवश्यक देखेमा कुनै पनि बखत पूर्व सूचना दिई यस करारनामाको अन्त्य गर्ने वा कार्यक्रमको सहयोगी सञ्चालक फेरबदल गर्न सक्नेछ ।

## अनुसूची २ः खोज खबरमा प्राप्त पत्रका केही नमुनाहरू